# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसले आफ्नो दैनिक जीबनयापनका क्रममा आइपर्ने विभिन्न किसिमका समस्याहरुको समाधान गर्न, आफ्नो दैनिकी सहज र व्यवस्थित बनाउनका लागि विभिन्न संस्कार, व्यवस्था वा प्रणालीको स्थापना गरेको हुन्छ । जसलाई सम्पूर्ण समाजले स्वीकार गरेपछि सामाजिक संस्था भनिन्छ । सामाजिक संस्थाहरुका माध्यमबाट मानिसहरुले व्यक्तिगत, पारिवारिक तथा सामाजिक आवश्यकताहरु परिपूर्ति गर्नुको साथै सामाजिक व्यवस्थालाई पनि निरन्तरता प्रदान गरेको हुन्छ । 'सामाजिक संस्थाहरुलाई समय र स्थानको अन्तरालसंग जोडेर हेर्दा मानब सभ्यताका बिभिन्न चरणहरुमा विभिन्न संस्थाहरुको उदय भई संस्थागत भएको देखिन्छ । एउटै संस्था पनि समयको विभिन्न कालखण्डमा परिवर्तित स्वरुपमा प्रस्तुत भएको देखिन्छ' (देबकोटा र ओझा, २०७०)। सामाजिक संस्थाहरु स्थानीय स्तरदेखि राष्ट्रिय अन्तराष्ट्रिय स्तरका रहेका हुन्छन । जसलाई सूक्ष्म र बृहत गरी दुई भागमा विभाजन गरिएका छ । सूक्ष्म अन्तरगत स्थानीय तहका संस्थाहरु बिबाह, परिवार, नातेदारी, समुदाय आदिलाई लिईन्छ भने बृहत संस्था अन्तरगत आर्थिक, राजनीतिक, धार्मिक संस्थाहरु पर्दछन (गौतम, २०६६) । यिनै सम्पुर्ण सामाजिक संस्थाहरुको प्रकार्यात्मक अन्तर्रसम्बन्धले मात्र समाजले निरन्तरता प्राप्त गरको हुन्छ ।

मानिसहरुले आफ्नो जैविक र सामाजिक आवश्यकताहरु परिपूर्ति गर्नका लागि विवाह संस्थाहरुको निर्माण गरेको हो । विवाह बिश्वब्यापी प्रकृया हो । विभिन्न देश, धर्म, स्थानीय मुल्यमान्यता आदिका आधारमा विवाहको परिभाषा र प्रक्रिया फरक फरक देखिन्छ तर प्रकार्य भने एउटै रहेको हुन्छ दुई ब्यक्तिहरु बिच सम्बन्ध स्थापित गर्ने । भिन्न परिवेश उमेर गत फरकतासँगै भावनात्मक सम्बन्ध कायम गर्न परिपक्व विपरित लिङ्गको एक अर्काको सामाजिक, सांस्कृतिक मानशिक, शारीरिक तयारी पछिको साझेदारीलाई विवाहरुपी प्रकार्य गरेको हुन्छ । विवाहको प्रकार्य स्त्री पुरुषको मेल र उनीहरुको जीवन पद्धति निरन्तरता मात्र होइन, यसले सामाजिक अन्य इकाइलाई चलायमान गराउने प्रकार्यात्मक तत्वहरु समेटेको हुनाले समाजभित्रका विविध पक्षसँग घनिष्टता गाँसेको हुन्छ ।

बिबाहका सन्दर्भमा एउटै पुर्ण परिभाषा भेटिदैन । बिभिन्न बिद्वानहरुले आ-आफ्नो बुझाईका आधारमा परिभाषित गरेको पाईन्छ । यस सम्बन्धमा 'बिबाह स्थीर सम्बन्ध हो । जहाँ महिला पुरुषलाई समुदायको मापदण्ड अनुरुप असर नपुग्ने गरि बच्चा जन्माउन सामाजिक रुपमा स्वीकृति प्रदान गरेको हुन्छ ।' 'बिबाह स्वीकृत सामाजिक प्रारुप हो जहाँ दुई वा सो भन्दा बढि ब्यक्तिहरुले परिबारको स्थापना गरेका हुन्छन् ।' सामान्य अर्थमा बिबाह महिला पुरुष बिच शारीरिक सम्बन्ध स्थापित गरी यौनिक आवस्यकता पुरा गर्न र सन्तानोत्पादन मार्फत बंशलाई निरन्तरता दिदै सामाजिक प्रक्रियालाई जारी राख्नका लागि समाजले दिने स्वीकृती हो । बिबाहको परिभाषा स्वरुप बिभिन्न कालखण्डमा परिबर्तन हुदै आएको देखिन्छ । सिकारी संकलित समाजमा आफ्नै रक्त सम्बन्धमा हुने बिबाह देखि सामुहिक बिबाह, बहुबिबाह, एकलबिबाह हुदै बिबाहलाई धर्मसंग पनि जोडेर हरियो र बर्तमान  अबस्थामा आईपुग्दा राज्यले नै कानुनी ब्यबस्था खडा गरेको छ । बिबाहका सन्दर्भमा संसारभर मुख्यतया दुई किसिमको धारणा  देखिन्छ । पूर्वीय साहित्यले बिबाहलाई 'संस्कार मुलक अनुष्ठान' मान्दै आएको छ भने पाश्चात्य साहित्यले 'करारपुर्ण सम्झौता'मान्दै आएको छ (थापा, २०७१)।

बिगतलाई हेर्दा सम्बन्धबिच्छेदले अहिलेको जस्तो सामाजिक समस्याको रुप लिएको देखिदैन । तर दम्पतीहरु बिचको सम्बन्धमा दरार थिएन भन्ने होइन । बिगतमा महिलाहरु पुर्णरुपमा पुरुषमा निर्भर रहने हुनाले बिकल्पको अभाबका कारण सम्पुर्ण समस्या सहेर बस्ने गर्दथे (क्षेत्री, २०५४) / त्यो अबस्था औद्योगिकरण र शहरिकरणको बिकास संगै परिबर्तन भयो । 'बढ्दो औद्योगिकरण र शहरीकरणले महिलाहरुमा कामको सुनिश्चितता गरेकोले उनीहरुमा सम्बन्धबिच्छेद गर्ने शाहस उत्पन्न भएको हो।'सर्बप्रथम युरोपियन मुलुकहरुमा औद्योगिकरण र शहरीकरणका संगै महिलाहरु घरबाहिरको काममा सम्मिलित हुन थाले जसले गर्दा महिलाहरुको पुरुषसंगको आर्थिक परनिर्भरता कम हुदै गयो र उनिहरु पुरुषको अधिनमा बस्न छाडे । उनीहरुले स्वतन्त्रता पुर्वक बाच्न चाहे । जसकारण सम्बन्ध बिच्छेदका घटनाहरु बढ्न लागे । बिश्वब्यापिकरण र आधुनिकीकरण सगै यो प्रक्रिया पनि संसारभर फैलिन पुग्यो ।

नेपालको सन्दर्भमा बिगतको महिला पुरुषको सम्बन्धको अबस्थालाई हेर्दा मिश्रित खालको देखिन्छ । कुनै समयमा महिला पुरुषको अबस्था समान देखिएता पनि कतै देवि भनि

पुजा गरेको त कुनै समयमा सती जानुपर्ने जस्तो क्रुर संस्कार पनि रहेको देखिन्छ । समग्रमा हेर्दा महिलाहरुको अबस्था पुरुषहरुको तुलनामा कमजोर देखिन्छ । बर्तमान समयमा भने अबस्था धेरै सुधारिएको छ । महिलाहरु आत्मनिर्भर बन्दै गएका छन् भने आफ्नो बारेमा आफैले निर्णय लिन सक्ने भएका छन् । पछिल्लो केहि बर्षको तथ्याङ्कहरु हेर्दा सम्बन्धबिच्छेदका घटनाहरु अत्याधिक मात्रामा भएको देखिन्छ । ती मध्ये अधिकांश घटनाहरु महिलाहरु द्वारा दर्ता गराएको देखिन्छ । बिभिन्न तथ्यांकहरु हेर्दा सम्बन्ध बिच्छेदका घटनाहरु ग्रामिण तथा शहरी दुबै क्षेत्रमा देखिन्छन । तर ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा भने केहि बढि भएको देखिन्छ । बिभिन्न धर्म, क्षेत्र, समाज, सँस्कृति आदिका आधारमा सम्बन्धबिच्छेद गर्ने दर र कारणहरुमा भिन्नता रहेको देखिन्छ । ग्रामीण क्षेत्रमा हुने सम्बन्ध बिच्छेदका मुख्य कारणमा घरेलुहिंसाहरु देखिन्छन् भने शहरी क्षेत्रमा हुने सम्बन्ध बिच्छेदको मुख्य कारणहरुमा स्वतन्त्रताको खोजी, कामको सिलशिलामा परिबार देखि टाढा बस्नुपर्ने बाध्यता, आधुनिकिकरणको प्रभाब, आत्मनिर्भर बन्दै गएका महिलाहरु आदि रहेको देखिन्छ ।

सर्म्पुण सम्बन्धबिच्छेदका घटनाहरु अदालत बाट गर्नुपर्ने ब्यबस्था गरेपनि धेरै घटनाहरु ग्रामीण स्तरबाटै मिलाउने गरेको पाईन्छ । धेरै घटनाहरु त ईज्जत जाने डरमा घरभित्रै मिलाउने गर्दछन । कुनै कुनै जातिहरुमा बहुपति, बहुपत्नी बिबाह गर्ने प्रचलन छ त कुनै कुनै जातिमा सम्बन्धबिच्छेद गर्ने आफ्नै संस्कारहरु छन् ।*(जस्तैः नेवारजातिमा 'ग्वे लितविग', शेर्पा जातिमा 'पैतु' वा 'तलु', थकाली जातिमा 'पर गर्ने', लिम्बुमा 'खेम्जोप, न्यापाजोप' मुस्लिममा तीन पटक सम्म तलाख! तलाख!! तलाख!!! भन्ने, आदि ।)*यसबाट सम्बन्धबिच्छेदका घटनाहरु अदालतमा आएको पाइदैन । जसले गर्दा यकिन बिबरण पत्ता लगाउन समस्या हुन्छ । बिभिन्न देशहरुमा सम्बन्ध बिच्छेदको अबस्थालाई हेर्दा फरक फरक अबस्था देखिन्छ । पश्चिमा देशहरुमा सम्बन्ध बिच्छेदको दर बढि देखिन्छ भने एसियन त्यसमा पनि दक्षिण एसियन राज्यहरु भारत नेपाल, भुटान लगायतका देशहरुमा भने अन्यको तुलनामा कम देखिन्छ (नेपालको मुलुकी ऐन, २०२०)।

## १.२ समास्याको कथन

बिगत केहि बर्षदेखि सम्बन्ध बिच्छेदका घटनाहरु अप्रत्यासित रुपमा बढ्दै गएका छन । 'सामाजिक सांस्कृतिक जटिलता, वैदेशिक रोजगार, धार्मिक स्वतन्त्रता, विश्वव्यापीकरणको प्रभाव, बिकसित औद्योगिकीरण र शहरीकरण, परम्परागत

मूल्यमान्यतामा आएको ह्रास, आधुनिक सूचना प्रविधि र सामाजिक सञ्जालको बढ्दो प्रयोग जस्ता तत्वहरुले बैबाहिक सम्बन्धमा दरार सृजना गरेको छ । जसले गर्दा नेपाली समाजमा पनि सम्बन्धबिच्छेदका घटना सामान्य जस्तै हुन थालेका छन ।'

अध्ययन क्षेत्र रुपन्देही जिल्लामा बिगत केही बर्ष देखि जनसंख्याको साथै आर्थिक, शैक्षिक, शहरीकरण आदि क्षेत्रमा तिब्र गतिमा बृद्धि भएको पाईन्छ । प्रशासनिक रुपमा ६ नगरपालिका ११ गा.पा मा बिभाजित रहेको यहाँको झन्डै आधा जनसंख्या शहरी क्षेत्रमा बसोबास गर्दछन *(रुपन्देही जिल्ला प्रोफाईल, २०७४)* बिगत केहि बर्षदेखिको तथ्यांक लाई हेर्दा रुपन्देही क्षेत्रमा सम्बन्धबिच्छेदका घटनाहरुमा बृद्धि भएको पाईन्छ । रुपन्देही जिल्ला अदालतको तथ्याङ्क अनुसार आ.ब. २०७०/७१ मा कुल १८४ वटा सम्बन्धबिच्छेदका मुद्दाहरुको टुँगो लागिसकेको छ भने आ.ब. २०७१/७२ मा १९६ टुङ्गो लागेका थिएआ.ब. २०७२/७३मा २२२ घटनाहरुटुँगो लागिसकेको थियो । जसमा मधेसी समुदायको ४३ जोडी सम्बन्ध विच्छेदको भएको छ । *(स्रोतः रुपन्देही जिल्ला अदालत)* ।यस अनुसार रुपन्देही जिल्लामा सम्बन्धबिच्छेदका घटनाहरु बढि भएको देखिएकाले मधेसी समुदायको सम्बन्धबिच्छेदका घटनाहरु हुने मुख्य कारणहरुको खोजी गर्नु रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

पछिल्लो केहि बर्ष यता रुपन्देही जिल्ला लगायतका नेपालका अन्य क्षेत्रमा पनि सम्बन्धबिच्छेदका घटनाहरुमा बृद्धि भईरहेको देखिन्छ । सम्बन्धबिच्छेद व्यक्तिगत बिषय मात्र नभई यसको प्रभाब परिवार र समाजमा पनि पर्ने भएकाले यसको समाजशास्त्रिय अध्ययन गर्नु आबश्यक हुन्छ । तसर्थ यस क्षेत्रमा भए गरेका सम्बन्धबिच्छेदका घटनाहरुको समाजशास्त्रीय अध्ययन गर्न आवश्यक ठानी यस शोधकार्य गरिएको छ । यस अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् :

**सामान्य उद्देश्य :**

१. सम्बन्ध विच्छेदका कारणहरुको खोजी गर्नु ।

**विशिष्ट उद्देश्य :**

१. मधेसी समुदायमा सम्बन्धबिच्छेदको आन्तरिक तथा बाह्य कारणको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

सम्बन्धबिच्छेदको निश्चित कारण नभई सामान्य असहमति र अबिश्वासबाट सिर्जित समस्या एक आपसमा बढ्दै जाँदा यसले एकाघरमा रहन नसक्ने स्थितिको सृजना गरिदिन्छ । जसले गर्दा सामान्य समस्या पनि सम्बन्धबिच्छेदको अवस्थासम्म पुग्ने गर्दछ । बिगतका केहि बर्ष यता नेपालमा सम्बन्धबिच्छेदका घटनाहरु तीब्र रुपमा बृद्धि भएको देखिन्छ । तर पनि यस बिषयमा प्रयाप्त अध्ययन अनुसन्धान भएको पाइदैन ।

केहि सरकारी तथा गैरसरकारी संस्थाहरुको रिपोर्टहरु हेर्दा घरेलु हिँसा, दाईजो प्रथा, वालबिबाह आदि जस्ता कारणहरुले गर्दा सम्बन्धबिच्छेदका घटनाहरु हुने गरेको देखिन्छ । के यी कारणहरुले गर्दा समाजमा सम्बन्धबिच्छेदका घटनाहरु हुने गरेका छन् त ? या पछिल्लो समयमा बिकास भएका आधुनिकिकरण, पश्चिमिकरण, शहरीकरण, विश्वव्यापीकरणको प्रभाव, चेतनाको बृद्धि, आत्मनिर्भरता, राज्यको महिलामैत्रि कानुनी ब्यबस्था, महिला सशक्तीकरण, लागु पदार्थ प्रयोग आदि कारणहरुले सम्बन्धबिच्छेद हुने गरेका छन।यी कारणहरुको गहन र बिस्तृत  अध्ययन गर्न जरुरी बनेको छ । यस अघि भएका केही अध्ययनहरुले यी पक्षहरुलाई समेट्न सकेको देखिदैन । यी पक्षहरु संबेदनशिल भएका कारण यिनीहरुको सुक्ष्म अध्ययन गर्नु अति महत्वपूणे ठानी यो अध्ययन सुरु गरिएको हो ।

प्रस्तुत बिषय समाजशास्त्रीय दृष्टिकोणले अति महत्वपूर्ण र यस क्षेत्रमा कम अध्ययन भएको बिषय हो । तसर्थ यस अध्ययनमा सम्बन्धबिच्छेदका घटनाहरु बृद्धि गर्ने मुख्य कारक तत्वहरु के के हुन ? यसको प्रभाब व्यक्ति, परिवारको साथै सम्पूर्ण सामाजिक जीवनमा कस्तो पारेको छ ? आदि प्रश्नहरुको अध्यायन गरी निष्कर्ष निकालिएको छ । जसले सम्बन्धबिच्छेदको बास्तबिकता बाहिर ल्याउन र यसले सम्पूर्ण सामाजिक जीवनमा पारेको प्रभाबको जानकारी हासिल गर्न महत्वपूर्ण योगदान पुग्नेछ ।

## १.५ अध्ययनको सीमा

यस शोधकार्यका क्रममा समय, स्रोत आदिको बिविध सीमितताका कारण सबै संख्यालाई समेट्न नसकिएको हुँदा बिभिन्न सीमाहरु निर्धारण गरेको छ । विभिन्न कारणहरुले अझैपनि बिबाह दर्ता र बिबाह बिच्छेदहरु दर्ता नगर्ने परिपाटि कायम रहेको छ । यस अध्ययनमा केबल जिल्ला अदालत रुपन्देहीमा दर्ता भई मुद्दाको टुँगो लागेका घटनाहरुमा मात्र सिमित गरिने छ । रुपन्देही जिल्ला भित्र आ.ब. २०७२/७३ मा भएका

२२२ सम्बन्धबिच्छेदका घटनाहरुबाट प्रतिनिधिमुलक नमुनाको रुपमा मधेसी समुदायमा भएको वैवाहिक सम्बन्धविच्छेदका ४३ जोडी अर्थात ८६ जना मध्ये २५ जोडी अर्थात ५० जनालाई आधार बनाएर अध्ययनको सीमा निर्धारण गरिने छ । यस अन्तर्गत उनीहरुले सम्बन्धबिच्छेद आन्तरिक र बाह्य कारणहरु खोजी गरी निर्ष्कष निकाली सम्पूर्णतामा सामान्यीकरण गरिएको छ । यो अध्ययनले समग्र मधेशी समुदायको वैवाहिक सम्बन्ध विच्छेदको प्रतिनिधित्व नगर्न सक्दछ ।

## १.६ अध्ययनको संगठन

सम्बन्धबिच्छेदले सामाजिक जीवनमा पारेको प्रभावको बारेमा केन्द्रित यो शोधलाई ५ बटा अध्यायमा बिभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र सीमाहरु संलग्न गरिएको छ । दोस्रो अध्यायमा सैद्धान्तिक समिक्षा तथा पूर्ब साहित्यको अध्ययन, तेस्रो अध्यायमा शोध कार्यमा कहाँ, कसरी र कुन पद्धति अथवा अनुसन्धान बिधि अपनाईएको छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै चौंथो अध्यायमा अध्ययनको सम्पूर्ण बिश्लेषण गरिएको छ भने अन्तिम अध्ययन पाँचमा सारांस, निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

सामाजिक बिषयको खोज अनुसन्धान गर्दा बिषयसंग सम्बन्धित त्यस पुर्बका अनुसन्धानहरुको अध्ययन गरि समेट्न नसकिएका पक्षहरुलाई बिशेष महत्व दिदै नयाँ निष्कर्षहरु निकालिन्छ । सन्दर्भ साहित्यको अध्ययनले अनुसन्धानरत बिषयलाई थप सौद्धान्तिक रुपरेखा प्रदान गर्दछ । यस कार्यले अनुसन्धानलाई ब्यबस्थित, बैज्ञानिक र उद्देश्यन्मुख बनाउछ । तसर्थ सम्बन्धबिच्छेदका सन्दर्भमा सैद्धान्तिक अबधारणा, यस पुर्ब भएका अध्यायन अनुसन्धान र ग्रन्थहरुको अध्यायन गरिने छ ।

## २.१ परिचय

नेपाल लगायतका बिश्वभर मनिसहरुको धर्मप्रतिका आस्था व्यापक मात्रामा रहेको पाईन्छ । समाजका हरेक प्रथा परम्परा, मुल्य मान्यताहरु, संस्कार, संस्थाहरुमा धर्मको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । हरेक व्यक्ति, समाजले आफ्नो आस्था अनुरुपको धर्म मान्ने र हरेक धर्मको भिन्न भिन्न मान्यता रहने भएकाले बिबाह सम्बन्धबिच्छेदको बिषय र व्यबस्थामा समेत फरक अबस्था रहेको पाइन्छ ।

हिन्दु धर्मशात्र अनुसार स्त्री बिनाको पुरुषलाई पुर्ण मानिदैन । एउटा पुरुषले पुर्णत्व प्राप्त गर्नका लागि पत्नी र सन्तान हुनु पर्दछ । त्यसैगरि जो पति छ त्यो पत्नी पनि हो । हिन्दु समाजमा समाज बिकासको लगभग दुई हजार बर्ष पहिले सम्म पनि सम्बन्धबिच्छेदको अबधारणा देखा परेको पाईदैन । पति जतिसुकै निच भएपनि पत्नीले बिबााहबिच्छेद गर्न नपाउने, उसको प्रायश्चित सम्म प्रतिज्ञा गरिरहनु पर्ने हुन्छ र प्रयाश्चित पस्चात पुन सम्बन्ध कायम हुन्छ।

ईस्लाम धर्ममा बिबाह र पारपाचुके सम्बन्धि अलि भिन्न प्रकारको धारणा रहेको छ । केटाकटी खोज्दा एउटै आमाको दुध खाएका दाजुभाई बा दिदि बहिनी बाहेक अरु सबै प्रकारका दिदिबहिनी दाजुभाई संग बिहे गर्न हुन्छ भन्ने चलन छ । लोग्ने मानिरले एक पटकमा चारवटी सम्म श्रीमती राख्न हुन्छ भन्ने बिस्वास रहेको छ । बिहे गर्दा सबै बन्दोबस्त बुबाआमाले नै मिलाईदिनु पर्दछ । बिहेमा केटा र केटी पक्षबिच सम्झैतापत्र गरीनु पर्दछ । तलाख वा पारपाचुके लाई यस समुदायमा राम्रो मानिदैन । बिहेपस्चात तलाख ,

पारपाचुके गर्नु परेमा उक्त सम्झैता पत्रमा लेखिएको रकम तिर्नु पर्दछ । उक्त रकम भने औकात र आर्थिक स्थिति हेरेर पचास/साठी रुपैंया देखि हजारौं सम्म हुन पनि सक्छ । कसैले अर्काकी स्वास्नीसँग चोरी लुकी मैथुनसम्बन्ध राखेमा अपराधीलाई ज्युदै वा मरेको भएपनि एकसय कोर्रा हान्नु भन्ने भनाई छ (बिष्ट, २०६४) ।

बुद्ध धर्मले नैतिकतालाई बढि ग्राहयता दिने भएकाले यसमा अधिकार भन्दा कतर्व्यलाई बढि महत्व दिएको देखिन्छ । बिबाह र बिबाह पछिको सम्बन्धको अबस्थामा पनि श्रीमान श्रीमती बिचमा आपसी बिस्वास, नैतिकता र आफ्नो कर्तव्यलाई बढि महत्व दिएको देखिन्छ । 'गृहस्थ जीवनको आधारशीला नै बिबाहलाई मानिन्छ । बिबाह दुई प्राणी बिचको निर्मल सम्बन्ध हो । जसले अगाडी गएर परिवारको रुप धारणा गर्छ (शाक्य, २०६६) ।

आधुनिकीकरणको सिद्धान्तको मुल मान्यता समाज, संस्कृति, व्यबहार, सोच आदिमा परिबर्तन भई नयाँ सोच, नयाँ भाबना, नयाँ गराई, नयाँ बिचार, नयाँ प्रबिधिहरुको अबलम्बन गर्नु रहेको छ । परम्परागत समाज, संस्कृति र रितिरिवाज एक स्वरुप बाट अर्को स्वरुपमा रुपान्तरित हुनुलाई आधुनिकीकरण भनिन्छ । युरोपियन समाजमा बिभिन्न समयमा भएका पुर्नजागरण, धर्मसुधार, औद्योगिक क्रान्तिका कारण त्यहाको समाजमा यति परिबर्तन आयो कि त्यसले मानब जगतको कार्य दिशानै परिबर्तन गरिदियो । नयाँ पनका रुपमा सुधारिएको बाटोलाई आधुनिकरणको नामबाट नामाकरण गरियो । आधुनिकीकरणले परम्परागत उत्पादन प्रणाली आधुनिक औजार मेसिनहरुको प्रयोग हुन्छ । परम्परागत पेसा, चालचलन, रितिरिवाज, धर्म, खानपिन, रहनसहन सम्पुर्ण क्षेत्रमा परिबर्तन आएको हुन्छ । आधुनिकीकरण त्यो प्रक्रिया हो जसमा बिकशित समाजका बिशेषताहरुलाई कम बिकसित समाजहरुले अबलम्बन गरेका हुन्छन (ढकाल, २०६९, ६५-६६) ।

नेपाली समाज बिकासभन्दा पनि देखासिकीको बाटोमा लम्किरहेको छ । आधुनिकीकरण देखेर होईन गरेर आउनु पर्दछ तब लामो समय सम्म दीर्घ रहन्छ । तर पनि केहि सकारात्मक प्रयासहरु भएका छन । नेपालमा आधुनिकीकरणको प्रक्रियालाई शिक्षामा भएको बिकास, तल्लो तहदेखि माथिल्लो तह सम्म भएको राजनितिक परिबर्तन, नेपाल भुमिसुधार बि.स. २०२१, सामाजिक दृष्टिकोण, प्रथाहरुमा परिबर्तन, बिकासमा पुर्वाधारको स्थापना र बिकास, संरचनामा आएको परिबर्तन, सामाजिक मुल्यमान्यता, रितिरिवाज, चालचलन, प्रथा, संस्कार, नियम कानुन आदि कुरामा आएको परिबर्तन नेपाली परिबेसमा आधुनिकीकरणको प्रक्रियामा संलग्न भइको भनेर बुभनु पर्दछ (ढकाल, २०६९:७५) ।

समाज र संस्कृतिका बिभिन्न पाटाहरु पुँजीबादी उत्पादन प्रणालीमा परिबर्तन हुन पुगे । उदाहरणका लागि परिवार, सामाजिक सम्बन्धहरु, मुल्य मान्यता, बिचारधारा, आदिमा परिबर्तन हुन पुग्यो । उत्पादन प्रणाली नै सिङ्गो रुपमा पुँजी आर्जन, लगानी, नाफा र पुर्बलगानीमा केन्द्रीत भएकाले समाज र संस्कृतिका अन्य पाटाहरुमा पनि त्यसको असर रहन गयो । पुँजीवादी उत्पादन प्रणालीमा सामन्तबादी र अन्य ऐतिहासिक युगमा रहेको बृहत परिवारको संरचनामा परिबर्तन भएर एकल परिवारमा रहन गयो । साथै बैबाहिक पद्धतिमा परिबर्तन हुन गई सामन्तबादी उत्पादन प्रणाली अन्तरगत हुने मागी बिबाह पुँजीबाद समाजमा प्रेम बिबाह तर्फ मोडिन पुग्यो । व्यक्तिगत चरित्रको हाबी हुन पुग्यो । व्यक्तिहरुको परिभाषा केबल आर्थिक रुपले मात्र परिभाषित गर्न थालियो । समाजमा रहेका खास गरी प्राक्पुँजीबादी अर्थतन्त्रमा व्यप्त रहेका अन्धबिस्वास, आस्थाका प्रणालीहरु पुँजीबादी युगमा बिज्ञान र प्रबिधिको बिकासले प्रतिस्थापन गरिदियो (ओझा र देबकोटा, २०६९, पृ.१४४-१४५) ।

नेपालमा हिन्दुधर्म मान्ने समुदाय भित्र त्यो पनि खासगरी ब्राम्हण, क्षत्री आदि समुदायमा बिहेबारी साधारणतया आफ्नो जात भित्र मात्र गर्ने गर्छन् । बाहुन क्षेत्रीका सबै थर भित्र छोरीलाई पबित्र र पुज्य मान्ने चलन छ । छोरीलाई दिई बिबाह गर्दा छोरीको घरजामको बन्दोबस्त हुनेमात्र होइन पुण्य कमाउने हेतु लिएर कन्यादान दिई बिबाह गरिदिन्छन् । बिबाह गर्न केटा पक्ष केटीको घरमा गई बैदिक बिधि अनुसार यज्ञ होम गरी केटीका आमाबुबाले कन्यादान दिएपछि बिबाह सम्पन्न भई बेहुली लिएर घर फर्किने चलन छ । अधिकांस हिन्दु धर्माबलम्बीहरुमा धार्मिक र सामाजिक रुपमा पनि एकपल्ट बिहे भएपछि पारपाचुके बा जारी गर्ने कामलाई राम्रो मानिदैन । तर शिक्षाद्धारा आधुनिक भैसकेकाहरु माझ भने बिस्तारै पारपाचुके गर्ने चलन पनि चल्दै आउन थालेको छ (बिष्ट, २०६४) ।

सम्बन्धबिच्छेदका धेरैजसो कारणहरु आज भोलि पैदा भएका होईनन् । हिजो पनि थिए तर त्यतिबेला महिलाहरु आर्थिक रुपले सक्षम नभएका र समाजले हेलाको दृष्टिले हेर्ने भएकाले जस्तो अबस्थामा पनि सहेर बस्न बाध्य थिए । अहिले रहन सहन र जिबिकोपार्जनका  उपायहरुमा धेरै अन्तर आएको छ ।उनीहरु आफ्नो हित बुझ्न र त्यस बारे निर्णय लिन सक्षम भएका छन । बढ्दो सम्बन्धबिच्छेदले त्यस तर्फ संकेत गर्दछ (क्षेत्री, २०५४)।

नेपालको सन्दर्भमा बराल रामचन्द्रले पोखरा आसपासका तागाधारी ब्राम्हण क्षेत्रीहरुमा हुने सम्बन्धबिच्छेदको अध्यायन गरी निष्कर्ष निकाल्नु भएको छ । 'जोडीहरुमा बिबाह पुर्ब स्वस्थ पहिचानको अभाब, हार्दिक सम्मतिको अभाब, बैबाहिक जीवनमा सह अस्तित्वको अभाब र सन्तुलित यौनिकताको अभाब जस्ता कारणहरुले सम्बन्धबिच्छेद हुने गरेको पाईन्छ' (बराल, २०५७) ।

आचार्य बलरामले पोखरा उपमहानगरपालिकामा अनुसन्धान गरी सम्बन्धबिच्छेदको समाजशास्त्रिय बिश्लेषण गर्नुभएको छ । जस अन्तरगत सम्बन्धबिच्छेद हुने कारण कुनै निश्चित कारण नभई धेरै कारणहरु रहने उल्लेख गर्नु भएको छ । "सम्बन्धबिच्छेदलाई प्रभाब पार्ने प्रमुख तत्वहरुमा व्यक्तिगत, पारिवारिक सामाजिक र आर्थिक अबस्था रहेका हुन्छन । यसका साथै आर्थिक महत्वाकांक्षा पुरा नहुनु, यौनिक असमझदारी, सामाजिक आर्थिक शैक्षिक असमानता, आधुनिकिकरण, परम्परालाई मान्न छाड्नु, श्रीमान श्रीमती सगंको बढि महत्वकांक्षा, आदि कारणहरुले सम्बन्धबिच्छेदका घटनाहरु भएको छन" (आचार्य, २००५)।

एक अध्ययन गरि बिश्वब्यापिकरणले नेपाली महिलाहरुमा परेको प्रभाबको भएका उल्लेख गर्नुभएको छ । जसमा हिन्दुधर्म बाट प्रभाबित नेपाली समाजमा बिश्वब्यापिकरणले महिलाहरुको दैनिक जीवनमा परेको प्रभाबको ब्याख्या तथा बिश्लेषण गरिएको छ । "बिश्वब्यापिकरणले परम्परागत जीबन बिताईरहेका महिलाहरुलाई केहि राहत प्रदान गरेको छ । जस्तै शिक्षा तथा रोजगारीमा पहुच, आर्थिकरुपमा आत्मनिर्भर बन्नु, रोजगारीका शिलशिलामा देश बिदेश जान सक्ने अबस्था सृजना भएको छ । तर यसको प्रभाब त्यो भन्दा बढि असरदार देखिएको छ । पश्चिमा सस्कृतीको अबलम्बन गर्नु, पैसाका निम्ति चुनौती पुर्ण कार्य गर्नु, रोजगारीका सिलसिलामा घर बाहिर वा बिदेश जाँदा शारिरीक तथा मानशिक शोषण भोग्न बाध्य हुनु, परम्परागत मुल्यमान्यता मान्न छाड्न जस्ता आदि कार्यहरुले नेपाली महिलाहरुमा एक्लेपना, डिप्रेसन, मानशिक तनाब, पारिबारीक अबस्था कमजोर, सम्बन्धबिच्छेदका घटनाहरुमा बृद्धि आदि असरहरु देखा परेको छ ।

## २.२. सैद्धान्तिक समिक्षा

सम्बन्धविच्छेदलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा प्रकार्यात्मक दृष्टिकोण, माक्सवादी दृष्टिकोण, अन्तरक्रियात्मक दृष्टिकोण, महिलावादी दृष्टिकोण, सामाजिक मनोवैज्ञानिक

दृष्टिकोण, द्वन्दात्मक दृष्टिकोण आदि दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ । जसको संक्षिप्त व्याख्या तल गरिएको छ ।

**प्रकार्यात्मक दृष्टिकोणबाट** हेर्दा समाज एउटा संरचना हो । यसमा मानवीय अन्तरसम्बन्ध रहेको छ । अथवा समाजभित्र विभिन्न पक्षहरु हुन्छन । जसको आपसिक प्रकार्यले नै समाज चलिरहेको हुन्छ । यसमा एउटा पक्ष वा एकाइमा नै विचलन आएमा सिंगो सामाजिक संरचनाको प्रकार्यत्मक सम्बन्धमा नै हलचल मच्चिन्छ । यसै सिलसिलामा सामाजिक इकाइको रुपमा रहेको सामाजिक मुल्यमान्यता र अन्तरसम्बन्धमा परिवर्तन आउदा लोग्ने स्वास्नीको दाम्पत्य जीवन तोडिन्छ । जसबाट व्यक्ति, परिवार र समाज प्रभावित हुन्छ । अझ स्पष्ट र संश्लेषित शब्दमा भन्ने हो भने समाजको सुक्ष्म तथा बृहत सामाजिक संस्थामा प्रभाव पर्छ । तसर्थ जहां र जुन समाजमा लोग्ने स्वास्नी बीचको प्रकार्यात्मक सम्बन्धबलियो हुन्छ, त्यहां सम्बन्धविच्छेद कम हुन्छ भने जहां र जुन समाजमा लोग्ने स्वास्नी बीचको प्रकार्यात्मक सम्बन्ध खुकुलो हुन्छ, त्यहां सम्बन्धविच्छेदको दर अपेक्षाकृत बढी हुन्छ ।

समाजमा रहेका हरेक सामाजिक संरचना एक अर्का प्रति सम्बन्धित भएर कार्य गरिरहेका हुन्छन् । व्यक्ति परिवार, समाज, टोल आदिलाई अगाडि बढाउन र गतिशील बनाउन, समाजको स्थापना संगै संस्कार, भेजा, पर्म, ऐचो पैचो, परम्परा, मूल्यमान्यता रहनसहन, जस्ता कार्य हुदै जान्छन् । पुस्ता हस्तान्तरण, परिवारको बनोट संस्कार र सामाजिक चलायमानको लागि साथै स्त्री वा पुरुषलाई, व्यवहारिक, यौनिक र जीवनपद्धतिको गति प्रदान गर्ने सम्झौताका रुपमा विवाहको इकाइले प्रकार्य गर्छ । विवाह पश्चात एकबाट दुई, परिवर समाज सन्तान जस्ता पक्षले गतिलिन्छ तर फरक फरक सामाजिक इकाइबाट प्रकार्यात्मक रुपमा हार्दिक पक्षमा कार्य हुन नसक्दा विवाहको सम्झौता तोडिन पुग्छ । सम्बन्ध विच्टेद हुदाँ एक विवहित दम्पत्ती मात्र टुक्रिदैन यहा समाजका अन्य प्रकायात्मक इकाइमा पनि प्रभाव पर्न जान्छ, विच्छेदले, दम्पनी टुक्रिए, परिवार, सन्तान समाज साथीभाई, नातागोता संगै सास्कारिक मूल्य मान्यतामा फरक नजीर बस्ने गरी कार्य गर्न पुग्छ । विवाहको इकाइ एक हो तर ती संगजोडिने, माइती घरपक्ष, नालनाता, साथीमाई संस्कार, रोटि मूल्य, घरपक्ष, नालनाता, साथीभाई संसकार, रोति मूल्य रहनसहन, विभिन्न प्रथा, शैक्षिक आर्थिक, कानूनी, प्रशासनिक निकाय जस्ता इकाइमा सम्बन्धित हुन्छ र यी

सबैको सहमति र सद्भावको पक्षले अग्ररुप लिदा विच्छेदन हुन्छ । मूलत दम्पतीको मानसिक असन्तुष्टिको मनोवैज्ञानिक पराकाष्ठामा पुगेर टुङ्गिन्छ ।

**माक्सवादी दृष्टिकोण** अनुसार सम्बन्धविच्छेदलाई हेर्दा समाजविकासको क्रममा शहरीकरण, ओधौगिकीकरण तथा पुंजीवादी पद्दतिको विकास हुदै जांदा आधुनिकीकरणको विकास हुन्छ । त्यति बेला सामाजिक मुल्य मान्यता, प्रचलनहरुमा विस्तारै ह्रास आउदै गर्छ । समाजमा अर्थ (धन, दौलत) को महत्व आकासिदै जान्छ । मानिसहरु अर्थोपार्जनको निम्ति घरदेखि धेरै टाढा समेत जानुपर्ने हुन्छ । यसमा शिक्षा, पेशा आदिको कारणले पनि महिलाहरु आफ्नो अधिकारप्रति सचेत र विभिन्नकोणबाट शसक्त हुन्छन् । धनोपार्जन गर्न महिला र पुरुषहरु आ–आफ्नो कामतिर लाग्छन । जसले गर्दा लोग्नेस्वास्नी वीचमा सामीप्यता कम हुन जान्छ । फलस्वरुप एक आपसमा हेर्ने दृष्टिकोणमा संकालु प्रवृति बढ्न गई आपसी सदभाव र समझदारीको दुरी टाढा हुदैं  जान्छ । जसको कारण पारिवारिक झगडा हुन्छ र सम्बन्धविच्छेदको स्थिति आउन पुग्छ । अर्कोतिर परिवारका सदस्यहरुमा पुराना मुल्यमान्यता र नयां मुल्यमान्यता बोकेका बीच आपसी द्धन्द हुन्छ र सम्बन्धविच्छेदको स्थिति आउन सक्छ । बृद्धहरुलाई आदरभावको दृष्टिले नहेरी श्रम विभाजनमा आधारित कार्यप्रणालीको कोणबाट हेरिन्छ । परिवारमा एक थरीको स्वतन्त्रता, अधिकारको माग र प्रयोग हुन्छ भने अर्को थरीबाट नियन्त्रण र निर्देशन गर्ने चाहना हुन्छ । यसका अतिरिक्त औद्योगिकिकरणले रोजगारको निम्ति मानिसहरु शहर पस्छन् । जहां उत्पादनलाई प्रधानता दिइएको हुन्छ । तव विभिन्न उत्पादनले व्यक्तिको औकातभन्दा बढीका बस्तुको माग सृजना गर्दा परिवारमा एक अर्का प्रतिको चाहना र निर्भरता बढी हुन्छ र सम्बन्धविच्छेद हुन जान्छ । जे होस माक्सवादी दृष्टिकोण मा वेमेल द्धन्द गराउने तत्व नै अर्थलाई (आर्थिक व्यवस्थालाई) मान्न  सकिन्छ ।

यान्त्रीकरणसँगै विश्व भूमण्डलीकरण औद्योगिकीकरण, वर्गसंघर्ष र समाज परिर्वतन हुदै जाने क्रममा उत्पादन प्रणालीमा महिलाको सहभागिता बढेको पाइन्छ । समाजशास्त्रीय अध्ययनमा समाजमा रहेका वर्ग, इकाइले जसले उत्पादन प्रणालीमा स्वामित्व ग्रहण गर्दछ जसले समाजको नेतृत्व र सो अनुकुल नियम र उपरी संरचना माथिको स्वामित्व लिने गर्दछ । नारी सचेतना नारीवादी आन्दोलन विश्वजागरण नारी मैत्री कानून, प्रविधि विकास, सांस्कृतिक, सामाजिक मूल्यहरुको मौलिक बुझाई आर्थिक क्रियाकलापमा पुरुषको प्रत्यक्ष सहभागिताले सम्पूर्ण जीवन पुरुषमा भरपर्नुपर्ने स्थिति कमहुदै आएको छ । महिलाहरुलाई

समकक्षा, सहशिक्षा सहकार्य सचेतन्त्र महिला सशक्तीकरण, सकारात्मक विभेद जस्ता महिलावादी अवधारणाहरुले महिलाहरु आर्थिक, सामाजिक, सांस्कृतिक प्रशासनिक राजनीतिक क्षेत्रमा प्रवेशसँगै बृत्ति विकास हुँदा उत्पादन प्रणालीमा प्रत्यक्ष संलग्नता भए पश्चात पुरुले झै आर्थिक पारिवारीक संगठन चलाउने, उपरीसंरचनाहरु हामीलेनि गर्न सकिने कुराको बोध भए पछि दुःखमा जीवन भन्दा विछोडिएर स्वनिर्भर जीवन जीउने भनि सम्बन्ध विच्छेदमा समेत पुगेको पाइन्छ ।

**अन्तरक्रियात्मक दृष्टिकोण**अनुसार व्यक्तिले जहिले पनि अरुप्रतिको आफ्नो धारणा बनाउन संबन्धित व्यक्तिको व्यावहार र क्रियाकलापहरुको व्याख्या गर्छ । त्यसपछि उसले त्यस व्यक्तिप्रति कस्तो व्यावहार गर्नुपर्छ भन्ने सोची त्यही अनुसारको व्यावहार गर्छ । यसरी एक आपसमा व्यक्तिले आफ्नो बोध बनाई त्यहि अनुसारको कार्य गर्छ र एक आपसमा ती कार्य घटनाहरुलाई नियालेर भविष्यमा गर्ने आफ्नो क्रियाकलापलाई पहिल्यै तय गर्छ । तव लोग्ने स्वास्नी बीच या परिवारमा एकले अर्कोलाई राम्ररी बुझ्न नसक्नु या गलत अर्थ लगाई आपसमा असमझदारी भई टकराव हुनु या दुईजना या परिवारभित्र विवाद भई एकले अर्कोको कुरा नबुझि स–साना कारणबाट आपसिक कटुता र बैमनस्यता उब्जन गई पारिवारिक विखण्डन हुन जान्छ । फलत:सम्बन्धविच्छेद हुन्छ । अर्कोतिर अन्तरक्रियात्मक हरुले समाज र संरचनाको विवादलाई पनि उठाउछन् । संरचना समाजको एउटा भाग भएकोले प्रत्येक समाजमा संरचनाको एउटा निश्चित भुमिका हुन्छ । यो सामाजिक संरचनामा सामाजिक भुमिका, प्रतिष्ठा, समुह र नोकरशाही संगठनहरु हुन्छन् । यसमा व्यक्तिले आफ्नो स्वः को आधारमा व्यावहार गर्दा आपसिक तिक्तता हुन्छ र यसबाट सम्बन्धविच्छेद हुन पुग्छ ।

**महिलावादी दृष्टिकोण**मा सम्बन्धविच्छेदलाई हेर्दा महिलाअधिकार या महिलाहरुको मुक्ति समाजमा महिलाहरुका पक्षमा भएका सुधारका कमिक पाटाहरु र विकासहरुलाई बढि ध्यान दिनुपर्छ । विशेषत सन १९७५ देखि आज विश्वमा विकसित देश लगायत हाम्रो जस्तो अल्पविकशित या अविकसित देशमा महिला शिक्षा, पेशा, अवसर, महिला जागरण तथा सचेतना हुदै लैगिक समानताको विभिन्न पक्षहरुलाई व्यावहारमा विस्तारै उतार्ने कार्य भैरहेको छ । जसबाट महिलामा आत्मनिर्भरता, निर्णय गर्ने क्षमता, समानता र स्वतन्त्रताको अधिकारबाट महिलाको न्यायिक हक एकदमै बलियो खम्वाको रुपमा रहेको छ । जसको कारण महिलाहरुमाथि गरिएको अत्याचार, शोषण र दमन विरुद्ध उनीहरु डटेर प्रतिकार

गर्नसक्ने हुदा परिवारमा जसले जे भन्यो त्यही सहेर बस्ने स्थिति छैन । यी विभिन्न कारणले गर्दा कतिपय अवस्थामा सम्बन्ध राम्रो हुन्छ भने कतिपय अवस्थामा सम्बन्धमा विग्रह हुन्छ । र सम्बन्धविच्छेद हुन जान्छ । दृष्टान्तको रुपमा पश्चिमी मुलुकमा महिलाहरु बढि स्वतन्त्र हुनु र आफ्नो अधिकार प्रयोग गर्नुले सम्बन्धविच्छेदको दर बढि छ भने हाम्रो जस्तो जहां शिक्षा, रोजगार, सचेतना जस्ता पक्षहरु छैनन त्यहां सम्बन्धविच्छेदको दर कम छ ।

महिला भएर जन्मेपछि दोस्रो दर्जाको नागरिकको रुपमा समाजमा जीवन चलान पर्ने पद्धति कि सरकारी आयो भनि भनि महिलावादी दृष्टिकोणले हेर्दछ । पुरुष र महिला एक अर्काकाका परिपूरक हुदाहुदे पितृ सतात्मक समाजले धर्म, सस्कार, रीति मूल्य परम्परालाई लिएर महिलाको जैविकीय बनोटको आड अरोसाभा लैङ्गिक समानता र समता जस्ता महिलावादी  सोचहरुको विकास र विस्तार हुदै गए विश्वभर महिला स्वतन्त्रता, अन्मुक्ति जस्ता कुराले महिलाहरुमा जागरण आएको छ । आधुनिक समाज, कानूनी राज्य, विश्वव्यापीकरण लैङ्गिक समनाताको वहस ले छोराछोरी बरावरी, सहशिक्षा, अनिवार्य शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा, काम र माम जस्ता कानूनी वैधाले महिलाहरुको जवन पद्धति चुल्हो चौकाको घरबाट सत्तामा पुग्ने दरबार सम्म उभिएका छन् । सिमित घेरामा रहेका नारी आफ्नो सही मूल्य र कर्म बुझेर अगाडि बढ्ने प्रश्रय लैङ्गिक समानता र नारी बादी दृष्टिकोण नै हो । शिक्षा, स्वास्थ्य, रोजगार, राजनीति, प्रशासन, आर्थिक पक्षमा अगाडि बढेको छन् । घरको सुसे धन्दामा आर्थिक मूल्य नहुने काममा सिमित नारीहरु सचेत बनी उत्पादन प्रणालीमा आफ्नो स्वामित्व लिन पुगेको स्थिति छ । विश्व पूजीवादी समाजमा जसले उत्पादन प्राणालीमा संलग्नता लिन्छ । त्यसले शासन गर्न सक्छ त्यसै गरी मूल्यहीन कामगरी पुरुषले कमाएको र दिएको खाएर बस्नुपर्ने वाध्यताबाट माथि उठेर आफै स्वनिर्भर भए पछि पुरुषले आर्थिक, सामाजिक, सांस्कृतिक र लैगिक रुपमा गरेको शोषण विरुद्धमा आवाज उठाएर नारी पनि समाजमा स्वतन्त्र र आत्मनिर्भर भएर बस्न सकिन्छ भनी पतिको ज्यादती विरुद्ध अगाडि बढी सम्बन्ध विच्छेद गरेर आफ्नो स्वतन्त्र नागरिकका आभाष गरेको पाइन्छ । नारी पनि स्वतन्त्र र स्व निर्भर हुन्छन् भन्ने सोचविकास नारी वादी दृष्टिकोणको उपज नै हो ।


**द्वन्द्वात्मक दृष्टिकोण**बाट सम्बन्धविच्छेदलाई हेर्दा जब कुनै केटा या केटी विशेषतः आपसि प्रेमबाट वैवाहिक सुत्रमा वाधिन अन्तरजातिय विवाह गर्छन तव परिवारमा सामाजिक द्वन्द उत्पन्न हुन सक्छ । किनकि एउटा पक्षको मुल्य मान्यता, सोचाई र अर्को

पक्षको मुल्यमान्यता र सोचाईसंग मिल्दैन । यसका अलावा केटा पक्ष र केटीपक्षहरुको जातिय व्यवस्था र सांस्कृतिक भिन्नताको कारणबाट पनि द्धन्द उत्पन्न हुन सक्छ । जसबाट परिवार टुट्न सक्छ । यसै गरी पति पत्नी बीचमा आपसिक सदभाव, विश्वास र सहमति नभई एक अर्काप्रति दुरार, संका र प्रतिरोध उत्पन्न हुन गई आ–आफ्नो मान्यता, सोचाई र उद्देश्यहरुमा अडिग भए भने दाम्पत्य जीवनमा द्धन्द हुन जान्छ । र अन्ततोगत्वा उनीहरुको सम्बन्धविच्छेद हुन जान्छ । यसका अलावा पतिपत्नीमा एकअर्काप्रतिको शारीरिक (रुप, रंग, आंगिक बनोट) पक्ष र मानसिक (रुचि, बुद्धि, मुल्य, स्मृति, तर्क ) पक्षमा विवाहपश्चात थाहा भयो या वैवाहिक सम्बन्ध सुमधुर तरिकाले कायम राखी निरन्तरता दिनमा माथी उल्लेखित शारीरिक तथा मानसिक पक्षहरु बीच भिन्नता भयो भने ती लोग्ने स्वास्नी एकअर्काको साथ समायोजित हुन सक्दैनन् । परिणामस्वरुप आपसिक द्धन्द उत्पन्न भई दाम्पत्य जीवनमा सम्बन्धविच्छेद हुन्छ ।

यसरी उल्लेखित विभिन्न दृष्टिकोणबाट लोग्ने स्वास्नीबीचको सम्बन्धविच्छेदलाई हेर्न सकिए पनि यी दृष्टिकोणहरु आफैमा पुर्ण र आलोचनाबाट मुक्त भने छैनन । हरेक Perspective मा सम्बन्धविच्छेदलाई विभिन्न रुपमा व्याख्या र विश्लेषण गर्न सकिन्छ । फरक त्यति हो कसैले यसलाई शुक्ष्म तहबाट कसैले मध्यम तह बाट र कसैल बृहत तह दृष्टिकोणबाट व्याख्या र विश्लेषण गर्छन् । जे भए पनि लोग्ने स्वास्नीको दाम्पत्य जीवनमा बिखण्डन ल्याउने काम विवाह विच्छेदले ल्याउने हुदा जुनसुकै तहको दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्दा पनि लोग्ने स्वास्नीबीचको आपसिक मनमुटाव शारिरीक तथा मानसिक पक्षहरुमा जानी या नजानी सिर्जाएको समस्या, शहरीकरण, पारिवारिक अन्तरकलह वा झगडा, औधोगिकिकरण, आधुनिकीकरण पद्दतिको विकास, जातिय, र सांस्कृतिक भिन्नता आर्थिक तथा सामाजिक स्तरीकरणको अहंता, घरेलु हिंसा, रोजगार, यौनसम्बन्धमा असन्तुष्टि, आपसिक समझदारीमा कमी, संका–उपसंका आदिका कारणबाट नै अन्ततोगत्वा सम्बन्धविच्छेद हुन्छ । परिणामस्वरुप व्यक्तिगत तथा सामाजिक प्रकार्यमा इकाइहरुबीचको प्रकार्यात्मक एकताको सम्बन्ध टुट्छ । यस सिथितिमा सिंगो सामाजिक संरचनाको सन्तुलन विग्रन्छ । र सामाजिक संरचनामा असर पर्छ । यसर्थ सम्बन्धविच्छेद लगायत अन्य समाजसंग संबनधित सामाजिक समस्या भएका विषयहरुलाई सही रुपमा सैद्धान्तिक आधारशिला अन्तर्गत विश्लेषण गर्नुपर्दा प्रमुखरुपमा प्रकार्यात्मक, महिलावादी दृष्टिकोण र

द्वन्द्वान्तक दृष्टिकोण लाई एक आपसमा अन्तरसंबन्धित गराएर हेरिएमा सम्बन्धविच्छेद लगायत अन्य सामाजिक समस्याहरुको सैद्धान्तिक आधार भेटाउन सकिन्छ ।

## २.३. अवधारणागत खाका




विवाह अघि सम्बन्धविच्छेदका कारणहरुमा केटा या केटी दुवैको या दुईमध्ये एकको कम उमेरमा विवाह हुंदा जीवनमा विवाहको उदेश्य, महत्व लगायत विविध पक्षहरुमा उनीहरुबाट दीर्घकालीन सोच बनाइएको हुंदैन । विस्तारै उमेर लगायत विविध पक्षहरुको परिपक्वतासँग श्रीमान श्रीमति बीचमा गलत धारणा र सोंच आउँदै गएमा सम्बन्धविच्छेदको स्थिति आउन  सक्छ । त्यसैगरी विवाह अघि केटा या केटीले अथवा उनीहरुका परिवारले आ-आफ्नो छोराछारीको विभिन्न पक्षका कमीकमजोरीहरुलाई लुकाई विवाह गर्छन या गराउछंन भने ती आ-आफ्ना लुकाइएका कमीकमजोरी विवाह पश्चात एक आपसमा थाहा भए दाम्पत्य जीवनमा फाटो आउन सक्छ ।

त्यसैगरी विवाह पछिका विभिन्न कारणहरुमध्ये सामाजिक असमानता र सांस्कृतिक भिन्नता पनि पर्दछन् । यहां सामाजिक असमानता भित्र जातीय स्तरीकरण, पारिवारिक संरचना र पृष्ठभुमि शिक्षा, पेशा लगायत अन्य पक्षहरु पर्छन भने सांस्कृतिक भिन्नता भित्र रहनसहन नैतिकता विश्वास, मुल्यमान्यता आदि पर्छन । जसबाट श्रीमान श्रीमती बीचमा या उनीहरुको पारिवारिक स्तरमा आपसि समान्यजस्यता नभई आपसिक बेमेल र असहज स्थिति उत्पन्न हुन्छ जसबाट सम्बन्ध विच्छेद हुन पुग्छ । त्यसैगरी श्रीमान श्रीमती बीचको उमेरको फरकपनले पनि उनीहरुमा बोल्ने, सोच्ने हरेक कुरालाई विष्लेषण गर्ने कुरामा

फरक आउछ । त्यस्तै परिवारमा आर्थिक अभावको कारण त्यसको निवारणार्थ लोग्ने विदेश तथा स्वदेशमै केही टाढा काम गर्न जांदा श्रीमान श्रीमती  सामीप्यतामा कमी हुनु, त्यसअवस्थामा आ-आफ्ना नैतिकता र कर्तव्यलाई पन्छाई परस्त्रीगमन र परपुरुष गमन तिर लाग्नु आधुनिक दम्भ या उच्च महत्वकांक्षाले आ-आफ्नो मानसपटलमा डेरा जमाई लचिलो कानुनी आधारबाट सम्बन्धविच्छेद गर्न पुग्नु विवाहपश्चात सम्बन्धबिच्छेदका कारणहरु हुन ।

# अध्यायतीन

# अनुसन्धान विधि

समाजशास्त्रीय अनुसन्धान आफैमा सामाजिक सम्बन्ध र मानबीय व्यवहारको अध्ययन भएकोले यस किसिमको अनुसन्धान गर्दा भौतिक अबस्थाको साथ साथै मानबीय संबेदनशीलता लाई पनि ध्यान दिनु पर्दछ ।अनुसन्धान ढाँचा निर्माण गर्दा देखि नै अनुसन्धान बिषयलाई मध्यनजर गरी सोहि अनुरुप निर्माण गर्नु पर्दछ । यस्ता कुराहरुलाई मध्यनजर गर्दै शोधकर्ता स्वयम् कार्यक्षेत्रमा उपस्थित भई आवस्यक तथ्यांङ्क एवम् सुचनाहरु संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्यता

सम्बन्धबिच्छेदका घटनाहरु र त्यसको बृद्धिदर अत्याधिक भएता पनि यस सम्बन्धी अध्ययन अनुसन्धानका कार्यहरु त्यति भएको पाइदैन । सम्बन्धबिच्छेद सामाजिक बिषय भएकाले यसको समाजशास्त्रीय अध्ययन गर्नु पर्दछ तर त्यसो भएको पाइदैन । तसर्थ शोधकर्ता स्वयम कार्यक्षेत्रमा उपस्थित भई रुपन्देही जिल्लालाई अध्ययन क्षेत्रको रुपमा लिई समाजशास्त्रीय पृष्ठभूमिमा मधेशी समुदायमा सम्बन्धबिच्छेदका कारणशीर्षकमा शोध गर्न उचित ठानी कार्यरुप दिइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस शोधकार्य बर्णनात्मक र बिश्लेष्णत्मक अनुसन्धान बिधिलाई अपनाइएको छ । बर्णनात्मक बिधि अन्तरगत प्राप्त तथ्यांकहरुको वर्णन गरिएको छ भने बिश्लेषणात्मक बिधि अन्तरगत सम्बन्धित व्यक्तिहरु संग उनीहरुको सम्बन्धबिच्छेदपूर्वको अवस्था र पछिको भोगाईको साथै उनीहरुको भावनात्मक पक्षलाई पनि बिश्लेषणात्मक रुपबाट प्रस्तुत गरिएको छ।

## ३.३ नमुना छनौटविधि

रुपन्देही जिल्लामा आ.ब. २०७२/७३ सालमा जम्मा २२२ सम्बन्धविच्छेद मध्ये मधेसी समुदायमा विच्छेद घटना मध्येबाट सम्भाबनायुक्त नमुना छनौट विधि अन्तरर्गत २०७२/७३ सालमा रुपन्देही जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका घटनाको फट्यौट भएको जम्मा २२२ मध्ये ४३ मधेसी समुदायका घटनामा समग्र ४३ जोडीको

नमूना छनौटमा विभिन्नकारणहरु जस्तै पिडित पीडकहरु सम्पर्कमा नआउने, भेटघाट र अन्तर्वाता दिन नचाहने, आफ्नो कार्य व्यस्तता, देश बाहिर रहेको अवस्था, शोध कार्य अध्ययन क्षेत्रमा भेट्न नसकिने जस्ता स्थितिले २५ जोडी संग नमूना छनोटको रुपमा लिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोतहरु

यस अनुशन्धान कार्यमा गुणात्मक अनुसन्धान बिधि र मात्रात्मक अनुशन्धान बिधि दुबै मिश्रण गरी मिश्रित खालका अनुसन्धान बिधिको प्रयोग गरिएको छ । मात्रात्मक अनुसन्धान पद्धतिअन्तर्गत सख्यात्मक रुपको अध्ययन गरिएको छ भने गुणात्मक पद्धतिले उत्तरदाताको बुझाइ, भोगाइको अध्ययन गर्न सहयोग गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

प्रारम्भिक तथ्याङ्क भन्नाले शोधकर्ता स्वयम कार्यक्षेत्रमा गई उत्तरदाताहरुसंग अन्तरक्रिया गरी प्राप्त गरिएको तथ्याङ्कहरुलाई लिइएको छ । यस अन्तरगत शोधकताले तथ्याङ्क प्राप्त गरेका स्रोतहरु निम्नानुसार रहेका छन् ।

**) अन्तरबार्ता अनुसूची**

अन्तरबार्ता शिक्षित अशिक्षित, बालक, बृद्ध, अपांग, असक्त सबैका लागि उपयुक्त माध्यम हो । यसका साथै अन्तरबार्ता माध्यमबाट अत्तरदाताहरु बाट उत्तरहरुमात्र प्राप्तनगरी उनिहरुको भाब, अनुभव, भोगाई को साथै उनीहरुको प्रस्तुतिकरणको तरिका पनि जान्न सकिन्छ ।

**) समूह छलफल**

मधेसी समुदायको सम्बन्ध विच्छेदका कारणको खोजी गर्दा उक्त समुदायमा रहेका स्थानिय निकाय टोलसुधार समिति संयोजक सदस्य तथा आमासूह, महिला सञ्जाल जस्ता संघ संस्थासँग समन्वय गरी समूह वा अधिकार प्राप्त व्यक्तिसँगको सामूहिक छलफलबाट ठोस नतिजा निकालिएको छ ।

## ३.६ द्वितीय तथ्याङ्क संकलन विधि

द्वितीय तथ्याङ्क भन्नाले पहिलेनै संकलित वा प्रकाशित लेख, रचनाहरु, रिपोर्टहरु आदि लाई लिइएको छ । यस शोधमा शोधकर्ताले द्वितीय तथ्याङ्कहरु प्राप्त गरेका स्रोतहरु निम्नानुसार रहेको छ ।रुपन्देही जिल्ला अदालतको अभिलेख शाखा, सम्बन्धित जर्नलहरु,

सम्बन्धित जर्नलहरु, सरकारी तथा गैरसरकारी सस्थांहरुले प्रकाशित गरेका अभिलेखहरु, पुस्तक तथा कृतिहरु र ईन्टरनेट, वेवसाईटहरुलाई द्धितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुतिर बिश्लेषण

तथ्याङ्क संकलनका क्रममा संकलित तथ्याङ्कहरुलाई व्यबस्थित तथा बैज्ञानिक तवरले प्रस्तुत गरिएको छ । अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरुलाई जातिगत, उमेरगत, बिबाहको प्रकार, शिक्षा, रोजगारीको स्थिति लगायत सम्बन्धबिच्छेदकाकारण, प्रभाब,न्यूनीकरणका उपाय आदिको अबस्था छुट्याई आवश्यकता अनुसार बिभिन्न तालिकाका माध्यमबाट सहज र सरल रुपमा प्रस्तुत गरिएको छ । उल्लेखित तालिकाको व्यबस्थित व्याख्या बिश्लेषण गरी निष्कर्ष निकाली सामान्यीकरण गरिएको छ ।

# अध्याय चार

# नतिजाको व्याख्या तथा विश्लेषण

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालको सात प्रदेश मध्ये ५ नम्बर प्रदेशमा पर्ने १२ वटा जिल्ला मध्ये रुपन्देही जिल्ला एक हो । १३६० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा नवलपरासी, पश्चिममा कपिलवस्तु, उत्तरमा पाल्पा, अर्घाखाँची जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । समुद्र सतहबाट १०० मिटर देखि १२२९ मिटरको उचाईमा रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई/मधेस गरी ३ भौगोलिक क्षेत्रहरुमा विभाजन गर्न सकिन्छ ।

२०६८ को जनगणना अनुसार १६३९१६ घरधुरी रहेको यस जिल्लाको जनसंख्या ८८०१९६ रहेको छ जसमध्ये ४३२१९३ पुरुष र ४४८००३ महिला छन । पछिल्लो केही बर्ष यता यहाँको जनसंख्या बृद्धिमा तिब्रता आएका छ । पछिल्लो दुई दशकको अबस्था हेर्दा जनसंख्या बृद्धिदर ३ प्रतिशतभन्दा माथि रहेको छ । रुपन्देही जिल्लामा बुटवल उपमहानगरपालिका,सिद्धार्थनगर नगरपालिका, देवदह नगरपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिका, सैनामैना नगरपालिका र तिलोत्तमा नगरपालिका गरी ६ वटा नगरपालिका र १० वटा गाउँपालिकाहरु रहेका छन् । यी केही नगरपालिकाका शहरीकरण भई सकेका छन भने केहि शहरीकरण हुने क्रममा रहेका छन ।

मधेस वास्तवमा नेपालको पहाड भन्दा दक्षिण तर्फको समथर भूभाग हो । हिन्दु राजनीतिक भाषामा मधेश शब्दावलीले वास्तवमा मध्य देश वा समथर भूभाग भन्ने बुझाउँछ । यसको अर्थ आम नेपालीको बुझाइमा भौगोलिक हिस्सा बढे पहाडबाट भिन्न भन्ने नै हुन्छ । तर मधेशीहरुले मधेशीहरुले मधेश भनेको भूगोल भन्दा पनि मानिसहरुका सम्प्रदाय हो भन्ने दावी गर्छन् । वास्तवमा मधेशमा बसोवास गरेको हिसाबले मधेशका मानिसहरुको भावनात्मक एकतामा अनुभूति नै मधेशी हो (गौतम, २०७२) ।

### ४.१.१सामाजिक साँस्कृतिक अवस्था

रुपन्देही जिल्ला सामाजिक सास्कृतिक हिसाबले पनि भरिपूर्ण रहेको छ । यहाँका रैथाने थारु र मधेसी समुदायहरुका साथै बिभिन्न जिल्लाहरुबाट बसाईसराई गरी आएका बिभिन्न जातिहरुको मिश्रित बसोबास रहेको छ । भिन्न भिन्न जातजाति, भाषा, धर्म,

संस्कृतिको संगम स्थल रुपन्देही सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक र ऐतिहासिक रुपमा पनि उत्तिकै महत्वपूर्ण जिल्ला हो । फरक धार भएपनि एकआपसमा आपसी भाईचारा कायम राख्न सफल रहेको देखिन्छ । धार्मिक हिसाबले पनि रुपन्देही भरी पुर्ण रहेको छ । गौतम बुद्धको जन्मस्थान लुम्बिनी, मावली घर देबदह यसका साथै शिद्धबाबा मन्दिर, पर्रोहाको बोलबम धाम, नयांगाउको मुक्तिनाथ धाम नेपालकै प्रमुख धार्मिक स्थलहरु हुन । त्यस्तै राजैतिक वा ऐतिहासिक हिबाबले अतिनै महत्बपुर्ण स्थान मुणिमुकुन्द सेनको किल्ला पनि यहि जिल्लामा पर्दछ । यहां हिन्दु, बौद्ध, ईस्लाम, किरात, लगायत धर्म मान्ने मानिसहरु बसोबास गर्दछन । ब्राम्हण, मगर, थारु, मुसलवान, यादब, क्षेत्री लगायतका ९१ जातका मानिसहरु बसोबास गर्छन (रुपन्देही जिल्ला प्रोफाईल २०७४) ।

### ४.१.२ जिल्लाको आर्थिक अवस्था

रुपन्देही जिल्लाको मुख्य आर्थिक मेरुदण्डको रुपमा कृषि र उद्योगधन्दा रहेका छन । यस जिल्लामा धान गहुं, मकै प्रमुख कृषि उपजको रुपमा देखिन्छ । आवश्यकता भन्दा लगभग ६५ प्रतिशतले वढी खाद्यान्न उत्पादन वढी देखिने हुँदा यस जिल्लावाट खाद्यान्न अन्य जिल्लामा पनि निकासी हुने गर्दछ । अधिकांश मानिसहरु परम्परागत कृषिको साथै आधुनिक कृषि पेशामा पनि आवद्ध छन् । यसका साथै बढ्दो जनसंख्या र बढ्दो शहरीकरण सगै यस क्षेत्रमा उद्योगधन्दाहरुको पनि बिकास भएको छ । पछिल्लो केहि समय यता यहाको तिब्र आर्थिक बृद्धि भएको छ जसको कारण बढ्दो औद्योगिक बिकास, पर्यटकहरुको गन्तव्य स्थल लुम्बिनी, पश्चिम नेपालको व्यापारिक केन्द्र हुनु आदि रहेका छन । पछिल्लो समयमा आएर गौतमबुद्ध अन्तराट्रिय बिमानस्थलको निर्माणको कार्यले यहा आधा दर्जन पाँच तारे होटल सहित दर्जनौ नयां होटल को साथै उद्योग धन्दाहरुमा अर्बौ लगानी भएको छ ।

### ४.१.३ शैक्षिक अवस्था

रुपन्देही जिल्लाको शैक्षिक विकासको स्थितिलाई २०४७ साल अघि र पछिको अवधिमा तुलनात्मक रुपमा व्यापक विकास भएको देखिन्छ । मोफसलको राजधानी मानिने बुटवल र आर्थिक गतिबिधिको प्रमुख स्थान मानिने सिद्धार्थनगर भैरहबा रहेको रुपन्देहीमा शिक्षाको अबस्थामा पनि उत्तिकै मात्रामा बिकास भएको देखिन्छ । पश्चिम नेपालमा रुपन्देही जिल्ला शैक्षिक हबको रुपमा बिकास भएको छ । यस क्षेत्रका पहाडी जिल्लाहरु पाल्पा

अर्घाखाची, गुल्मी, स्याङजा, पर्बत, बाग्लुङ लगायत छिमेकी जिल्लाहरु कपिलबस्तु नवलपरासी आदी जिल्लाहरु बाट अध्ययनको शिलसिलामा आउनेहरु उल्लेख्य रुपमा रहेका छ । बिगतको केहि बर्षलाई हेर्दा यस क्षेत्रमा शैक्षिक पुर्वाधारको पर्याप्त मात्रामा बिकास भएको पाईन्छ । बिगतका दिनहरुमा यहि जिल्लाबाट राष्ट्रिय स्तरमै उत्कृष्ट व्यक्तित्वहरु उत्पादन भएका छन । निजी आवाशीय, सामुदायिक विद्यालयदेखि बौद्ध विश्वविद्यालयले रुपन्देहीलाई शैक्षिक प्रगतिको रुपमा अगाडि बढाएको छ ।

**तालिका४.१ जिल्लाको शौक्षिक अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ५५८,५६६ | (६९.७८%) |
| २ | निरक्षर | २४१८६४ | (३०.२२%) |
| ३ | जम्मा | ८८०१९६ | १००.% |

स्रोतः रुपन्देही जिल्ला प्रोफाईल, २०७४

तालिका४.१ हेर्दा रुपन्देही जिल्लामा साक्षारता दर झण्डै ७०% रहेको देखिन्छ । नेपालको जनगणना २०६८ अनुसार नेपालको औसत साक्षरता दर ६६ प्रतिशत रहदा रुपन्देही जिल्लाको साक्षरता दर भने ६९.७८ प्रतिशत रहेको छ । जुन तुलनात्मक रुपमा बढि हरेको छ ।

### ४.१.४ धार्मिक अबस्था

धर्मको आधारले पनि रुपन्देही जिल्ला बिबिध धर्माबलम्बिहरुको संगम स्थलको रुपमा चिनिन्छ । बिश्वशन्तिका अग्रदुत गौतम बुद्धको जन्मथलो समेत रहेको यो जिल्ला बौद्ध धर्मको उद्गमस्थल रहेको छ । जनसंख्यात्माक आधारमा यहाँ बिभिन्न १० धर्म मान्ने मानिसहरुको बसोबास रहेको पाईन्छ ।

### तालिका४.२  धर्मको आधारमा जनसंख्याको बितरण

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ७५९०४६ | ८६.२% |
| २ | बौद्ध | ४०५७१ | ४.६% |
| ३ | ईस्लाम | ७२४२८ | ८.२% |
| ४ | क्रिश्चियन | ५८२५ | ०.७% |
| ५ | अन्य | २३२६ | ०.३% |
| ६ | जम्मा | ८८०१९६ | १००% |

सोतः नेपालको जनगणना २०६८

तालिका ४.२ हेर्दा रुपन्देहीमा जिल्लामा सबैभन्दा बढि हिन्दु धर्माबलम्बी रहेको देखिन्छ । २०६८ सालको जनगणना अनुसार रुपन्देही जिल्लामा हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन, किरात, प्रकृति, वन, जैन, बहाई, सिख गरी १० किसिमका धर्माबलम्बिहरु बसोबास गरेको पाईन्छ । जसमध्ये सबैभन्दा बढि हिन्दु ७५९०४६ (८६.२४%), छन भने सबैभन्दा कम सिख १८ जना रहेका छन । तसर्थ धार्मिक रुपमा पनि मिश्रीत खालको बसोबास रहेको छ ।

### ४.१.५ जिल्लाको मानव विकास सूचकांक

मानबिय बिकास, भौतिक पुर्बाधारहकरुको बिकास, गरिवी, लैगिकताको अबस्था, प्रतिब्यक्ति आ्य, साक्षरता, आदि मानब बिकास संग सम्बन्धि सम्पुर्ण पक्षहरुको अध्ययन गरि मानब बिकास सुचकांक निकालिइको हुन्छ । जसले त्यस ठाऊ वा त्यस देशको मानबिय अबस्थाको प्रतिनिधित्व गरेको हुन्छ । रुपन्देही जिल्ला प्रोफाईल २०७१ का अनुसार यहाँको मानब बिकास सुचकांक यस अनुसार रहेको पाईयो ।

**तालिका४.३ जिल्लाको मानब बिकास सुचकांकको अबस्था**

| **क.नं** | **विवरण (सूचकांक)** | **मान** |
|---|---|---|
| १ | मानव विकास सूचकांक | ०.४९८ |
| २ | मानव गरीबी सूचकांक | २६.२ |
| ३ | लैंगिक विकास सूचकांक | ०.५६७ |
| ४ | प्रति व्यक्ति आय | ११२३$ |
| ५ | साक्षरता | ६९.७८% |
| ६ | लैंगिक अनुपात | ९६.४७% |

स्रोतः रुपन्देही जिल्ला प्रोफाईल २०७४

## ४.२ उत्तरदाताहरुको अन्य अबस्था

रुपन्देही जिल्लामा दिन प्रतिदिन सम्बन्धबिच्छेदका घटनाहरु बढिरहेका छन । यस सम्बन्धमा अध्यायन गर्ने उद्देश्यले यो शोधकार्य सुरु गरिएको हो । रुपन्देही जिल्ला अदालतको तथ्यांकलाई हेर्दा आ.ब. २०७२/७३ मा जिल्ला अदालत मार्फत कुल २२२ दम्पत्तिले कानुनी रुपमा सम्बन्धबिधच्छेद गरको तथ्याकलाई आधार बनाई यस अध्ययनका लागि कूल २२२ दम्पत्ति मध्ये अध्ययन क्षेत्रमा रहेका मधेसी समुदायका ४३ दम्पत्तिहरु रहेका छन् भने अध्ययनकार्यका लागि २५ जोडीलाई प्रतिनिधी मुलक नमुनाको रुपमा लिई अध्ययन सुरु गरिएको छ ।

### ४.२.१ लैङ्गिक संरचना

सम्बन्धबिच्छेदबाट महिला पुरुष दुबै प्रभाबित हुने हुनाले यस अध्ययनमा पनि दुबैपक्षलाई समेटिएको छ । छनौटमा परेका नमुनाहरुमो लैङ्गिक संरचना निम्नानुसार रहेको छ । २०७२/०७३ मा फछ्यौट भएका २२२ दम्पत्तीको अवस्थालाई हेर्दा मधेसी समुदायको ४३ दम्पत्तीले सम्बन्ध विच्छेद गरिएको पाइयो यसमा २५ दम्पत्ती लिई अध्ययन शुरु गरियो ।

### ४.२.२ जातिगत संरचना

सम्बन्धबिच्छेद समाजका सबै जातजाति समुदायमा हुने भएकाले यसबाट सबै समुदायहरु प्रभाबित बनेका छन । सामाजिक सांस्कृतिक र धार्मिक तत्वहरुले सामाजिक संस्थाहरुमा प्रतक्ष प्रभाब पार्ने भएकाले कुनै समुदायमा बढि त कुनै समुदायमा कम भने देख्न सकिन्छ । रुपन्देहीमा आ.ब. २०७१/७२ को तंथ्याङ्ग अनुसार सम्बन्धच्छिेद गर्नेहरुको जातिय रुपमा निम्नानुसार देखिएका छन ।

यस शोध कार्यमा मुख्यत मधेशी समुदायको अनुसन्धानमा केन्द्रीत रहने हुनाले मधेसी समुदाय अन्तर्गत फरक फरक जातिगत तथ्याङ्क निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका४.४ जातिगत संरचना**

| **क. स.** | **बिबरण** | **जोडी** | **प्रतिशत** |
|---|---|---|---|
| १ | मधेशी ब्राम्हण/क्षेत्री | ११ | (४४.०%) |
| २ | मधेसी जनजाति | ८ | (३२.०%) |
| ३ | मधेसी अन्य जाति | ४ | (१६.०%) |
| ४ | मधेसी दलित | १ | (४.०%) |
| ५ | मुस्लिम | १ | (४.०%) |
| ६ | जम्मा | २५ | (१००.०%) |

*(स्रोतः रुपन्देही जिल्ला अदालत अभिलेख शाखा, सिद्धार्थनगर)*

तालिका ४.४ अनुसार यस सोध कार्यमा छनौटमा परेका जम्मा २५ नमुनाहरुमा पनि सबैभन्दा बढि ब्राम्हण क्षेत्रीहरु परेका छ जुन यहाको जातिगत अनुपातमा जनसंख्या पनि बढि हरेका जाति हुन । जुन त्यस्तौ दोस्रोमा जनजाति समुदाय, तेस्रोमा मधेसी समुदाय र पांचौमा दलित परेको छ । यसरी हेर्दा नमुना छनौटमा सबै जाति समुदायहरुको प्रतिनिधित्व भएको देखिन्छ ।

### ४.२.३ पारिबारको आर्थिक अबस्था

पछिल्लो समयका केही अध्ययनहरुका अनुसार सम्बन्धबिच्छेदका घटनाहरुको बृद्धि हुनुमा बिकसित हुदै गरेको औद्योगिकरण, आधुनिकिकरण, पुँजीबादी अर्थतन्त्रको बिकास र आर्थिकरुपमा आत्मनिर्भर हुदै जानु प्रमुख कारणको रुपमा बाहिर आएका छन । बर्तमान समयमा अर्थले समाजमा ठुलै भुमिका निर्बाह गरेको देखिन्छ । जसबाट पारिवारिक संरचना पनि अछुतो रहन सक्दैन । तसर्थ सम्बन्धबिच्छेद हुनुमा व्यक्तिगत वा पारिवारिक आर्थिक स्थितिले पनि प्रमुख भुमिका निर्बाह गरेको हुन्छ । अध्ययनका लागि छनौटमा परेका उत्तरदाताहरुको पारिवारी स्थिति निम्नानुसार रहेको देखिएको छ ।

मधेसी सम्प्रदाय तराइ भूगोलका भूमिपुत्र हुँदा जमीनको अंश बढी भएको र रुपन्देही जिल्लामा विभिन्न पहाडी जिल्लाबाट आएर बस्ने घर जग्गा जोड्ने कार्य गर्दा जमिन वेच विखनद्वारा अर्थतन्त्र चलायमान गराएको अवस्था पनि छ ।

**तालिका४.५ परिवारको आर्थिक अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सम्पन्न | ५ | २०.०% |
| २ | मध्यम | १७ | ६८.०% |
| ३ | निम्न | ३ | १२.०% |
| ४ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन, २०७४)*

तालिका ४.५ लाई हेर्दा सम्बन्धबिच्छेद सबै परिवारमा रहेको देखिएको छ । सम्पन्न परिवारका २० प्रतिशत रहेको देखियो भने समाजमा मध्यम बर्गको संख्या बढि भएर पनि होला सबैभन्दा बढि मध्यम बर्गका रहेको देखियो । निम्न बर्गमा पनि सम्बन्धबिच्छेदका घटना भएको देखियो । सम्बन्धबिच्छेद सबै परिवारमा भएको देखिएता पनि सम्बन्धबिच्छेद गर्नुका कारणहरु भने फरक हुने गरेको पाईन्छ । उदाहरणका लागि एक सम्पन्न परीवारको व्यक्तिले आफ्नो स्वतन्त्रताको लागि सम्बन्धबिच्छेद गरेको हुन्छ भने एक निम्न बर्गको

परिवारले खान लगाउन नदिएको कारणले गरेको हन सक्छ । तसर्थ बिषय, समस्या अलग भएतापनि पारिवरको आर्थिक अबस्थाले उनिहरुको बैबाहिक जीवनमा प्रभाब पारेको हुन्छ ।

### ४.२.४ शैक्षिक अवस्था

व्यक्तिले आफ्नो दैनिक जीबनमा गर्ने हरेक व्यबहारमा उसमा भएको शैक्षिक योग्यताले महत्वपुर्ण भुमिका निबाह गरेको हुन्छ । मानिसले बिबाह पुर्ब र त्यस पछि आफ्नो श्रीमान श्रीमती संग गर्ने व्यबहारमा पनि उसमा भएको शैक्षिक अबस्थाको महत्वपुर्ण भुमिका रहेको हुन्छ । यस अध्ययनका क्रममा छनौटमा परेका उत्तरदाताहरुका श्रीमान श्रीमतीको शैक्षिक योग्यता निम्नानुसार रहेको पाईयो ।

**तालिका ४.६उत्तरदाताको शैक्षिक अबस्था**

| क्र.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १ | ४.०% |
| २ | साक्षर | २ | ८.०% |
| ३ | ८ कक्षा पास | २ | ८.०% |
| ४ | एस एल सी | ५ | २०.०% |
| ५ | +२ | १० | ४०.०% |
| ६ | स्नातक | ३ | १२.०% |
| ७ | स्नातकोत्तर | २ | ८.०% |
| ८ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका४.६ अनुसार सम्पुर्ण अबस्थामा सम्बन्बबिच्छेदका घटनाहरु भएको पाइयो । सामान्य अबस्था देखि स्नातकोत्तर तह सम्मको अध्ययन गर्ने मनिसहरुमा पनि सम्बन्धबिच्छेर्देका घटनाहरु भएको देखिन्छ । सबैभन्दा बढि +२ सम्म अध्ययन गरेकाहरु रहेको देखिन्छ भने सबैभन्दा कम निरक्षर एक जना रहेका छन । श्रीमान श्रीमति बिचको शैक्षिक भिन्नताको अबस्थामा बिबाह गर्दा उनिहरुमा बिबाह पस्चात बैचारीक असमानताका कारणले पनि सम्बन्धबिच्छेदका घटनाहरु बढेको देख्न सकिन्छ ।

### ४.२.५ बिबाह गर्दाको उमेर

दाम्पत्य जीवन कति सुखमय हुन्छ भन्ने कुरा बिवाह गर्दाको दिन देखिनै सुरुहुने ससाना व्यबहारहरुले पनि ठुलो भुमिका निर्बाह गरेका हुन्छन । बिबाह गर्ने उमेर पनि एक महत्वपूर्ण तत्वको रुपमा रहेको हुन्छ । बिबाह गर्ने उमेर पुगेका र आफ्नो भबिश्यको कार्ययोजना बनाउन सक्ने भएपछि बिबाह गर्ने र कलिलै उमेरमा बिबाह गर्ने हरुको पछिको बाँकी जीवनमा त्यसले प्रत्यक्ष प्रभाब पारेको हुज्छ । अध्ययनका लागि छानिएका उत्तरदाताहरुको बिबाह गर्दाको अबस्था निम्नानुसार रहेको छ ।

**तालिका४.७ बिबाह गर्दाको उमेर**

| क्र.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १२-२० | ४ | १६.०% |
| २ | २०-२५ | १५ | ६०.०% |
| ३ | २५-३० | ६ | २४.० % |
| ४ | ३०- बर्ष भन्दा माथी | ० | ०.० % |
| ५ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका ४.७ लाई हेर्दा २० बर्ष भन्दा कम उमेरमा बिबाहहरुको संख्या समाजमा कायम रहेको देखिन्छ । जसलाई बिबाहको लागी पुर्ण सक्षम मानिदैन । त्यसमा पनि महिला हरुको संख्या अधिक छ । २० देखि २५ बर्षको बिचमा बिबाह भैसकको देखियो भने बाँकीको बिबाह २५ बर्ष पछि र ३० बर्ष भित्र बिबाह गरेको देखियो । केहिको छिटै बिबाह भएको देखिएतापनि अध्ययनमा सम्मिलित सम्बन्धबिच्छेदकर्ताहरुको बिबाह औसत उमेरमै भएको पाईयो ।

### ४.२.६ बिबाहको किसिम

बैबाहिक जीवनमा बिबाहको किसिमको पनि ठुलो प्रभाब रहेको हुन्छ । मागी बिबाह परिवारका सदस्यहरुको संलग्नतामा बर बधु छान्ने देखि स्थानिय रितीरीवाज, धर्म संस्कार अनुसार कार्य सम्पन्न हुन्छ । प्रेम बिबाहमा भने केटा र केटी बिच आपसी पहिचान र माया

बसेपछि परीवारको सहमति आसहमतिमा जस्तो सुकै अबस्थामा पनि बिबाह गर्छन । अदालती बिबाह कानुनी धाराहरुलाई आधार बनाई कानुनी सम्बत व्यक्तिहरुको रोहबरमा गरीन्छ । जुन कानुनी रुममा बैधानिक हुन्छ । बिबाह पछिका क्रियकलापहरु र बैबाहिक जीवनमा बिबाहको प्रक्रिया वा किसिमले पनि भुमिको निर्बाह गरेको हुन्छ । अध्ययनमा छनौट उत्तरदाताहरुको बिबाहको किसिम निम्नानुसार रहेको छ । वैवाहिक जीवनका लागि बरवन्धु छनौट प्रक्रिया मधेसी समुदायमा केही भिन्न रहने, सानै उमेरमा केटाकेटी को भविष्यमा जोडी बनाउने गरि परिवारले निर्धारण गर्ने, पारिवारीक सहमतिमा केटा केटीको आपसी छलफल विना तिलक गर्ने ।

**तालिका ४.८उत्तरदाताको बिबाहको किसिम**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी बिबाह | १८ | ७२% |
| २ | प्रेम बिबाह | ६ | २४% |
| ३ | अदालती बिबाह | १ | ४% |
| ५ | जम्मा | २५ | १००.०% |

*(स्रोतः कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका ४.८ अनुरुप सम्बन्धबिच्छेद गरेका दम्पतिहरुमा सबैभन्दा बढि मागी बिबाह गरेका बढि देखिएता पनि एक अर्काले एकअर्कालाई मन पराएर राम्रो पहिचान गरेर गरिने प्रेम बिबाह गरी सम्बन्धबिच्छेद गर्नेहरु पनि २४ प्रतिशत रहेको देखियो । यस पछाडीको प्रमुख कारणको रुपमा बिबाह पुर्ब भाबनात्मक सम्बन्ध बढि भएको र बिबाह पस्चात पहिलाको र कल्पना गरे जस्तो नभएका कारण उनिहरुमा खटपट भई बिबाह बिच्छेदको अबस्थामा पुगेको पाईन्छ । अदालती बिबाह भने बिशेष परिस्थितिमा बिबाह गर्ने वा (Dependent visa)मार्फत बिदेश जानको लागी गरेको र उता बाट फर्किएपछि अलग अलग भई पुन आफखुसी बिबाह गर्ने गरेको पनि देखियो ।

**बिबाहको जातिगत अबस्था**

हाम्रो हिन्दु व्यबस्था आधारित समाजमा जातिय बिभेद रहेको हुँदा बिबाह प्राय आफ्नो जात भित्र गर्ने प्रचलन रहेको छ । अन्तरजातीय बिबाहलाई समाजले स्विकार नगर्ने हँदा बिबाह

पछिका दिनहरुमा उनिहरुलाई समायोजन हुन समस्या सृजना भएको हुन्छ । अध्ययनमा छनौट भएका उत्तरदाताहरुको बिबाहको जातिय अबस्था रहेको छ ।

**तालिका४.९ बिबाहको जातिगत अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सजातिय बिबाह | २० | ८०.०% |
| २ | बिजातिय बिबाह | ५ | २०.०% |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

सजातिय बिबाहको तथ्याङ्ग लाई हेर्दा अन्तरजातिय बिबाहमा भन्दा जातिय बिबाह गरेका जोडीहरु सम्बन्धबिच्छेदका घटनाहरु बढि देखियो । अध्ययनका क्रममा सजातिय बिबाहमा भन्दा अन्तरजातिय बिबाहमा आन्तरिक खटपट कम भएको देखिएता पनि घर परिवार र समाजले असहयोग गरेका कारण उनीहरुमा बढि आन्तरिक द्वन्द भएको देखियो । यस बाट जातिय बिबाहित जोडीहरुमा अपसी द्वन्द बढी  हुने र अन्तरजातिय बिबाहित जोडीहरुमा अपसी बिबाह भन्दा पारिवारिक दबाबका कारण बढि दरार सृजनाहने गरेको पाइयो । तुलनात्मक रुपमा अन्तरजातिय बिबाहको तुलनामा जातिय बिबाह बढि हुने भएकाले सजातिय बिबाहमा सम्बन्धबिच्छेदका घटनाहरु पनि बढि भएको देखिएको छ ।

### ४.२.७ बिबाहको समयमा चिनजानको अबस्था

बिबाह दुई व्यक्तिहरु बिचको जीबन भरको लागि सगै बाच्ने सम्झौता हो । बिबाह मार्फत दुई भिन्न व्यक्तिहरु बिच रक्त सम्बन्ध जोड्ने काम पनि हुन्छ । दुई व्यक्ति मात्र नभई दुई परिबार एक भएका हुन्छन । यसका साथै सामाजिक मुल्यमान्यता अनुरुप सामाजिक व्यबस्था लाई समेत निरन्तरता दिने कार्य गर्दछन । हाम्रो समाजमा अझैपनि मागि बिबाह ब्यप्त हरेको छ । जसमा सम्पुर्ण भुमिका परिवारको रहेको हुन्छ । जसमा केहि क्षण देखेको भरमा बिबाह निश्चित गरिन्छ । त्यहा केटा केटीले एक अर्कालाई राम्रोसंग चिनजान गर्न पाएको हुदैनन । अन्य बिबाहहरु जस्तै प्रेम बिबाह, अदालती बिबाहहरुमा एक अर्कालाई चिन्ने मौका भने बढि पाएका हुन्छन । बिबाहका क्रममा एक अर्का बिच हुने

आपसी चिनजान वा पहिचानको अबस्थाले उनीहरुको भावी जीबनमा महत्वपुर्ण भुमिका निर्बाह गरेको हुन्छ । अध्ययनमा सहभागी उत्तरदाताहरुको पुर्ण चिनजानको अबस्था निम्नानुसार देखिन आउछ ।

**तालिका४.१० चिनजान/पहिचानको अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थियो | १६ | ६४.०% |
| २ | थिएन | ९ | ३६.०% |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

उल्लेखित तालिका ४.१० बाट बिबाहका कममा श्रीमान श्रीमति बिच एक अर्कामा हुने राम्रो/स्पष्ट पहिचानको अबस्थालाई चित्रण गरेको छ । जस अनुसार राम्रो पहिचान रहेका जोडीहरुको संख्या ६४ प्रतिशत रहेको देखियो भने बिना चिनजान/पहिचान बिना नै बिबाह गरेका जोडीहरुको संख्या पनि ३६ प्रतिशत देखियो । यस बाट अझै पनि बिना चिनजान/पहिचान बिबाह गर्ने जोडीहरुको संख्या आधिक देखिन्छ । हाम्रो समाजमा हुने मागी बिबाहको प्रकृया लाई हेर्दा एक अर्का बिच भेट भएको एक दुई दिनमै बिबाहको निर्णय दिनु पर्ने भएकाले त्यस बिचमा पुर्ण रुपमा पहिचान गर्नु आफैमा असम्भब प्राय रहेको हुन्छ ।

मधेशी समुदायका कतिपय जातिविशेषमा अभिभावकको छनौट हुने हुदा विवाहको समयमा चिनजान आपसी कुराकानी कम हुने गरेको पाइयो ।

## ४.३ सम्बन्धबिच्छेदका कारणहरु

शोध कार्यको स्थलगत र अप्रत्यक्ष अध्ययनको तथ्याङ्कलाई ठोस र निष्कर्षपूर्ण विश्लेषणको समयमा आएका छौ । यस शोधको केन्द्रीय पक्ष नै मधेसी समुदाय सम्बन्ध विच्छेदका कारणहरु हुनाले पनि ती कारणहरुलाई प्रष्ट बनाउने जमर्को यहाँ गरिएको छ । दु:खमा साथ सुखमा विश्वासले जीवनपद्धति अगाडि बढाउने प्रण गरेर दाम्पत्य जीवन शुरुवात गरेका दम्पत्तीहरु बिच सामाजिक संरचनागत विभिन्न ईकाइहरुको प्रकार्यात्मक

गतिविधिमा सामञ्जस्यता हुन नसक्दा सामाजिक सांस्कृतिक मूल्य मान्यताहरुले बाधिभएको बन्धनको गाँठो खुस्किदै जान्छ दाम्पत्य जीवनको शुरुवाती चरणमा बिच्छेदनको परिकल्पना नै हुँदैन तर विवाह पश्चातका क्रियाकलाप र विवाह पूर्वको सहमति र सद्भावको विचलनको रुप बढ्दा दम्पत्ती छुटिने मानसिकतामा पुग्छन ।सगै जीउने मर्ने कसम खाएर बिबाहको बन्धनमा बाधिएका श्रीमान श्रीमतिहरु बिच सम्बन्धबिच्छेद जस्तो गम्भीर अबस्थामा त्यतिकै पक्कै पनि पुगेका हुदैनन् । त्यसका पछाडि बिभिन्न कारणहरु जोडिएर आएका हुन्छन । केही कारणहरु सामान्य प्रकृतीका हुन्छन भने केही जटिल प्रकृतिका पनि रहेका हुन्छन । सम्बन्धबिच्छेदको अध्ययन गर्नका लागि र यसका कारणहरु पत्ता लगाउनका लागि बिबाह देखि दैनिक जीवनका स–साना घटना र व्यबहारहरुको सुक्ष्म अध्ययन गर्नु आबश्यक रहन्छ । यस शोध कार्यका क्रममा उत्तरदाताहरुको सम्बन्धबिच्छेद हुनुका कारणहरुको अध्ययन का क्रममा बिभिन्न पक्षहरुलाई समेट्ने प्रयास गरिएको छ ।

### ४.३.१ रोजगारीको अबस्था

मानिसको दैनिक जीवन र उसको व्यबहारसंग उसको रोजगारी र उसले गर्ने कामको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । रोजगारीका क्रममा घर बाहिर बस्नु पर्ने र सोहि क्रममा बिहिरी व्यक्ति संग हुने संम्बन्धले उनीहरुको बैबाहिक जीवनमा समेत प्रभाब परेको हुन्छ । यस कार्य बाट नेपालबाट कामको सिलसिलामा बिदेश जाने कयौ युवाहरु प्रतक्ष प्रभाबित हुने गरेका घटनाहरु दैनिक जसो सञ्चार माध्यमहरुमा आएको देख्न सकिन्छ । यसका साथै व्यक्तिले गर्ने कामसंग उसको व्यक्तित्व पनि जोडिएको हुन्छ र उसको व्यक्तित्वसंग उसले घर परिवारसंग गर्ने व्यबहार पनि सम्बन्धित रहेको हुन्छ । महिलाहरु रोजगारीका माध्यमबाट आत्मनिर्भर बनिसकेपछी घरपरिवार तथा पुरुषहरुको शोषण दमन सहेर बस्नु नपर्ने, आफ्नो जीवनका निर्णयहरु आफै लिन सक्ने हुन्छन । भने बेरोजगार भएकै कारण, आर्थिक अबस्था कमजोर भएका कारण पनि कयौ बैबाहिक सम्बन्धहरु टुट्ने गरेका छन । तसर्थ रोजगारीको अबस्था सगं व्यक्तिहरुको दाम्पत्य जीवन कतिको पनि सम्बन्ध रहेको हुन्छ ।

रोजगारीको अबस्थाले उनिहरुको बैबाहिक जीवनमा र सम्बन्धबिच्छेक घटनाहरुमा पनि प्रभाब परको हुन्छ । अध्ययनमा सम्मिलित उत्तरदाताहरुको रोजगारीको अबस्था लाई हेर्दा निम्ननानुसार रहेको पाईयो ।

**तालिका४.११सम्बन्धबिच्छेद पुर्बको अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बैदेशिक रोजगार | १० | ४०.०% |
| २ | व्यापार व्यबसाय | ३ | १२.०% |
| ३ | जागिर | २ | ८.०% |
| ४ | बेरोजगार | १० | ४०.०% |
| ७ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका नं. १२ लाई बिश्लेषण गर्दा सम्बन्धबिच्छेद हुने सबैभन्दा बढि बैदेशिक रोजगारका लागि गएका हरुमा रहेको पाईयो । आफ्नो घर परिवारको संग सुख साट्ने आशामा बिदेशी भुमीमा पसिना बगाई रहका युवाहरुमा घरपरिवार नै टुट्ने समस्या बिकाराल रुपमा रहेको देखिएको छ । त्यसका पछि बेरोजगार रहेकाहरुमा सम्बन्धबिच्छेदका घटनाहरु धेरै रहेका देखियो । यस तालिका बाट रोजगारीको अभाब संग सम्बन्धबिच्छेदका घटनाको प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ ।

कुलघरानसँग कुटुम्ब जोड्ने आससँगै शैक्षिक र चेनाता स्तरको ख्याल नगरी वैवाहिक जीवनमा बाँधिने तर विवाह पश्चातका दैनिक दम्पत्ति बिच आपसी कुराकानी रोजगारी, एकअर्कोको बुझाइमा आउने फरकपनले दम्पत्ति बिच मनमुटाव शुरु भएर बिच्छेदन भएको पाइयो ।

मधेसी समुदायमा सम्बन्ध विच्छेदमा घटना बढ्नुमा अन्तरजातिय विवाहमा बृद्धि, तिलक प्रथा दाइजोमा प्राथमिकता, परम्परागत र आधुनिक सोच बिच टकराब, मधेसी र गैर मधेसी विच विवाह आदि रहेको पाइयो ।

### ४.३.२ शैक्षिक असमानता

शिक्षाले मानिसको सोच र दैनिक व्यबहारमा प्रतक्ष प्रभाब पारेको हुन्छ । शैक्षिक अबस्थाले मानिसहरुको दैनिक जिबन र बैबाहिक जिबनमा समेत प्रभाब पारेको हुन्छ । बिबाह र बिबाह पछिको बैबाहिक जीवनमा श्रीमान श्रीमतिको शौक्षिक योग्यताले महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ । अध्ययनमा सम्मिलित उत्तरदाताहरुको शौक्षिक अबस्था हेर्दा

दुबैमा सम्बन्धबिच्छेदका घटनाहरु देखिएका छन । सम्बन्धबिच्छेदका घटनाहरु मुख्यतया शिक्षित व्यक्तिहरुमा सचेतना, आत्मनिर्भरता, स्वतन्त्रता आदि कारणको रुपमा देखिन्छन भने अशिक्षितहरुमा घरेलु हिंसा, बहुबिबाह, आदि कारक तत्वको रुपमा देखिएका छन ।

**मधेसी नारीमा बढेको शैक्षिक जागरणा**

सरकारी, गैरसरकरी क्षेत्रबाट सबैका लागि शिक्षा, प्रौढशिक्षा, जीवन उपयोगी सीप सिकाउने विभिन्न कार्यक्रम स्वतन्त्रतासम्बन्धी कानूनी प्रचार, महिला र मधेसी प्रतिको सकारात्मक विभेद र आरक्षण गाँउ टोल स्थानीय क्षेत्र अन्तर्गत विभिन्न वित्तम् संस्थाले चलाउदै शैक्षिक जागरण लघुवित्त सहकारीको साध्यमबाट आर्थिक बचन र लगानी जस्ता क्रियाकलापले घरको चुल्हो चौकमा सिमीत नारीलाई बाहिर, आउन मद्धत गर्नुका साथै आफ्ना हक अधिकार र कर्तव्य बोधमा आएको चतनास्तरले आत्म निर्भरता सँगै पारिवारिक र पतिको शोषण ज्यादती मुक्ति पाउन पहल गर्ने गरेको पाइयो ।

**४.३.३ आमसञ्चारको प्रयोग**

पछिल्लो केहि समय यता सञ्चार क्षेत्रमा तीव्र बिकास भएको छ । नेपालमा पनि यसको प्रभाब तीव्र रुपमा बिस्तार हुदै गरेको छ । सञ्चारका माध्यमहरुको बिकास हुनु सकारात्मक पक्ष हो । यसको प्रयोग सहि रुपमा गर्न सके बरदान स्वरुप हुन सक्छ भने यसको अति प्रयोग गर्दा यसको हरेक क्षेत्रमा नकारात्मक प्रभाब पार्छ । केहि बर्ष यता टेलिफोन, मोवाइल र ईन्टरनेटको बिस्तार सगै सामाजिक सञ्जालका माध्यहरुको प्रयोगमा व्यापकता आएको छ । फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालका माध्यमहरुका प्रयोग धेरैको दैनिकी जस्तै भएको छ । यी माध्यमहरुको प्रयोगसंगै बाहिरी मानिस संगको सामीप्यताको बृद्धि का कारण घर परिवारसंगको सम्बन्ध पातलिदा यसले परिवारमा दरारको अबस्था सिर्जना गरेको छ । उत्तरदाताहरुलाई तपाईहरुको सम्बन्धबिच्छेद पुर्ब सञ्चारका माध्यमको प्रयोगको बिषयलाई लिएर बिबाद हुन्थ्यो ? भनि प्रश्न गरेकोमा उनीहरुको उत्तर निम्नानुसार पाइयो ।

**तालिका ४.१२ आमसंञ्चारको प्रयोगलाई लिएर बिबाद**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थियो | १४ | ५६.०% |
| २ | थिएन | ११ | ४४.०% |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोतः कार्यक्षेत्र अध्ययन २०७४)*

अहिले पारिवारिक खटपटको प्रमुख कारण सञ्चार माध्यमको प्रयोगको बिषय बनेको छ । तालिका नं. १३ लाई बिश्लेषण गर्दा सम्बन्धबिच्छेद पुर्ब परिवारमा सञ्चार माध्यमको बिषयलाई लिएर ५६ प्रतिशत दम्पत्तिहरुमा बिबाद देखियो । जसले पारिवारीक खटपटको प्रमुख बिषय सामाजिक सञ्जलहरुको प्रयोग देखाएको छ । यसै सन्दर्भमा बिबाद थिएन भन्नेहरुको संख्या तुलनात्मक रुपमा थोरै देखियो । जस बाट सम्बन्धबिच्छेद हुने घटनाहरुको एक महत्वपुर्ण कारक तत्वको रुपमा सञ्चार माध्यमको प्रयोग देखा परेको छ ।

### ४.३.४ दाईजो वा तिलकप्रथाको अवस्था

बिबाह र बिबाहपछिका दिनहरुमा हुने असमझदारीको प्रमुख कारण दाईजो वा गरगहना को बिषय पनि हुने गरेको पाईन्छ । आझ पनि नेपाल भारत लगायतका मुलुकहरुमा दाईजोको बिषयलाई लिएर कयौ घरेलु हिंसाहरु भएका घटनाहरु देखिएका हुन्छन । छोरीलाई बिबाह गरी केटा पक्षको घरमा पठाउनु पर्ने र त्यसमा साथसाथै दाईजो पनि दिनु पर्ने सस्कारले गर्दा आज छोरी जन्मिदा नाबालिक र सुत्केरी आमाले सम्म अपमान सहनुपर्ने अबस्थाहरु देखिन्छन । समय र समाजको परिबर्तन संगै नेपालको सहरी क्षेत्रको साथै पहाडी जिल्लाहरुमा दाईजोको बिषयलाई लिएर शोषण दमनका र हिंसाका घटनाहरुमा केहि कमि आएको देखिएता पनि तराईका जिल्लाहरुमा र भारतीय पनि केहि क्षेत्रहरुमा दाईजो प्रथाको बिकराल समस्या रहेको छ ।

वर वन्धुको छनौट सँगै वरको पारिवारिक आर्थिक सामाजिक आडम्बर, शैक्षिक स्तर प्राप्ति जस्ता कुरालाई हेरेर बधु पक्षसँग आर्थिक र जिन्सीको लेनदेन हुने गर्दछ त्यो नै तिलक प्रथा हो । विवाह पूर्वको सम्झौतासँगै पछि दिनचर्यामा पनि बधुपक्षले निर्वाह गर्नुपर्ने भूमिकामा

कमवेसी हुँदा त्यहि तिलक वा दाइजोको निहुमा नारीलाई हिंसा गरेर सम्बन्धमा विच्छेद सम्म पुगेका घटना रहेको छ दाइजो वा तिलक प्रथाबाट भएको सम्बन्धविच्छेद भएको पाइयो ।

दाइजो र आफले भने जति सम्पत्ति नदिएको आदि कारणहरु देखाई घर परिबारको समेत सहयोगमा श्रीमानले श्रीमतीलाई दमन गर्ने गरेको पाईन्छ । प्रस्तुत उत्तरदाताहरुमा दाईजो वा गरगहनाको बिषयलाई लिएर हुने बिबाहको अबस्था तालिकिकरण गरीएको छ ।

**तालिका४.१३दाईजोको अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाइजो विवाद थियो | १२ | ४८ % |
| २ | दाइजो विवाद र अन्य | ८ | ३२ % |
| ३ | दाइजो विवाद थिएन | ५ | २० % |
| | जम्मा | २५ | १००.० % |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

प्रस्तुत तालिका ४.१३ मा मधेसी समुदायमा अभिभावकको छनोट, तिलक दाइजो, कुलघरानसँगको सम्बन्धजस्ता कुरालाई हेरेर कम उमेरमा विवाह र सम्पत्ति लेनदेनका विषयमा ठूलो वहस पश्चात विवाह टुङ्गाउने विवाह पश्चात दाइजो कम, भनेको जिन्सी, अचल सम्पत्ति नपाउनु जस्ता कारणले दम्पतीमा झगडाको बीउ रोपण पाइयो तालिका अनुसार १२ जोडीमा दाइजोको विषयमा छलफल विवाद भएर मन मुटनवमा पुगेको पाइयो । ८ जोडीमा दाइजो र तिलक प्रथासँगै अन्यबाट र ५ जोडी अरु कारणवाट सम्बन्ध विच्छेद गरेको पाइयो ।

### ४.३.५ विवाहित दम्पत्ती बसाइको अवस्था

बिबाह पस्चातका दिनहरुमा बिबिध कारणले श्रीमान श्रीमतिहरु केहि समयका लागि एक अर्का संग छुट्टीएर बस्नु पर्ने अबस्था सिृजना भएको हुन्छ । यस क्रममा एक अर्काको अनुपस्थितिमा अन्य तेस्रो पक्ष संगको सम्बन्ध र सामिप्यताका कारण नचाहादा नचाहदै पनि

सम्बन्धमा दरार सिृजना हुन जान्छ । त्यहि बिषय आपसी झैझगडाको बिषय बनि अन्तत दाम्पत्य जीवनको अत्य सम्म हुने अबस्था सम्म पुग्ने गरेको हुन्छ । तसर्थ बैबाहिक जीवन र सम्बन्धबिच्छेदको बिषयमा अलग भएर बस्दाको अबस्थाको महत्व पुर्ण स्थान रहेको हुन्छ । उत्तरदाता दम्पत्तिहरु एक अर्का बिच अलग बसे नबसेको अबस्था यस प्रकार रहेको छ ।

रोजगारी, व्यवसाय वा अन्यकारणबाट दम्पत्ती छुट्टिएर बस्दै गर्दा, आमसञ्चार, आधुनिक प्रविधि प्रयोगले दम्पत्ती बिचको नैतिक मूल्यमा ह्रास आएकाले आपसी असमझदारीले विच्छेद रुप लिएको पाइयो ।

दम्पत्तीसँगै बसेर पनि दाइजो, शैक्षिक स्तरको अन्तर, पारिवारिक पृष्ठभूमि बुझाइको कमी मौलिक हार्दिकताको कमी कुलत र सिंसा जस्ता कारणहरुले दिनरातसँगै बसेर पनि सम्बन्ध विच्छेद गरेर एक्लै बस्ने निर्णय पुगेका दम्पत्तीहरु पनि पाइयो ।

**तालिका४.१४विवाहित दम्पत्ती बसाइको अवस्था**

| क्र.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संगै बसेकाहरु | १४ | ५६.०% |
| २ | संगै नबसेकाहरु | ११ | ४४.०% |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

उल्लेखित तालिका ४.१४ बमोजिम बिबिध कारणले केहि समय सम्म श्रीमान श्रीमतिहरु अलग भएर बसेको अबस्थालाई हेर्दा तुलनात्मक रुपमा एक अर्का बिच अलग बसेका दम्पत्तिहरुमा सम्बन्धबिच्छेदका घटनाहरु बढि भएको पाईयो । यसले श्रीमान श्रीमतिहरु बिच आपसी सामिप्यताको खाँचो देखियो । हरेक मानिसले सधै आफ्नो मान्छेको साथ र मायाको खाँचो महसुस गर्ने सो प्राप्त नभएको खण्डमा त्यसको खोजीमा अन्यहरु संग सामिप्यता बढने गरेका निष्कर्षहरु यस अघिका थुत्रै अध्यायनहरुले निकालेका छन । त्यसैको प्रभाब यस अध्ययनका उत्तरदाताहरुमा पनि परेको देखियो ।अनेकौ कारणबाट दाप्पत्ती बिच चिन्ता, झगडा, वैमनस्यतामा रुलमिलएर मुर्दामय जीवन चलाउन भन्दा सम्बन्ध विच्छेद गरेर उर्जामय हुन सकिन्छ भन्ने बोधले दम्पत्ती छुट्टीन  पुग्छन् ।

### ४.३.६ श्रीमान श्रीमति बिचहुने बिबादका मुख्य बिषयहरु

पछिल्लो समयमा सम्बन्धबिच्छेदका घटनाहरु दिन प्रति दिन बढ्दै गएको देखिन्छ । संगै जीबन बिताउने आसामा बिबाहको बन्धनमा बाधिएकाहरु दम्पत्तिहरु बिना कारण सम्बन्ध बिच्छेद गरेका हुदैनन । त्यसका पछाडी बिबिध कारणहरु रहेका हुन्छन । ति कारणहरुमा सामान्य देखि गम्भिर खालका पनि रहेका हुन्छन । यस अध्ययनका क्रममा उत्तरदाताहरुले दिएको राय अनुरुप बिबाद हुने मुख्य कारणहरु निम्नानुसार देखियो ।

१. श्रीमान/श्रीमति बिदेशहुँदा परपुरुष, परस्त्रि सगको सम्बन्ध वा संका

३. फेसबुक, ईन्टरनेट, टेलिफोन को प्रयोग

३. आपसी अबिस्वास, असहयोग र असमझदारी,

४. कुलत, लागुपदार्थ, रक्सी सेबन,

५. असमान शैक्षिक स्तर र असमान सोच,

६. कुटपिट, घरेलु हिंसा, दमन,

७. कम उमेरमा विहे हुदा उत्पन्न पारिवारिक असमझदारी

**क) नारी पवित्रताको विषय**

हिन्दु सामाजिक सांस्कृतिक सम्प्रदाय भित्र विवाहको उमेर, संस्कार वर बधुभित्रको परिपक्कतासँगै यौनिक सम्बन्धले चासो राख्छ । विवाहपूर्वको यौनिक क्रियाकलापलाई बन्देज लगाइएको समाजमा विवाह पश्चात् श्रीमतीको कुमारीत्वपनको विषयवाई ठूलो रुप लिएर श्रीमतीप्रति हेर्ने प्रवृत्ति नकारात्मक हुँदा सम्बन्ध विच्छेदको एक कारण बनेको पाइयो ।

**ख) सम्पत्ती प्राप्तिको लोभले विवाह गने पद्धति**

महिलामैत्री कानून सम्बन्ध विच्छेद पश्चात् मानामुरी वा पतिको सम्पत्तिको हकबाट अंशलिन पाउने सामाजिक कानूनी व्यवस्थालाई लिएर एक सक्षम घरानियाँ परिवारको पुरुषसँग विवाह गर्ने विवाह दर्ता पतिसँगको सम्पत्तिको आफ्नो हकदावी गरी आफ्नो नाममा लिएपछि पति प्रति कुनै आरोप लगाएर सम्बन्ध विच्छेद गरी रकम लिने परिपाटी अहिले आधुनिक विवाह प्रक्रियाको रुपमा आएको हुनाले सम्बन्ध विच्छेदका घटना बढेको पाइयो ।

## ग) महिलामैत्री कानून र स्वतन्त्रताको खोजी

नेपालको संविधान, ऐन, कानून मुलुकी ऐन स्थानीय सरकार संघसंस्थाहरुले महिला शसक्तिकरणसँगै विवाहपूर्व र विवाहपश्चात् महिला हिंसा कम गर्न महिला मैत्री कानूनलाई जोड दिएको छ । बढ्दो प्रविधि, शैक्षिक जागरण र अनिवार्य नारी शिक्षा जस्ता कुराले बाहिर भन्न र देखाउन  नसकेका नारीहरुले आफ्ना पीडालाई पोख्ने अवसर पाए साथै आर्थिक, पारिवारिक, सांस्कृतिक बन्धनले पुरुषबाट शोषण मुक्तिको खोजीका उपाय बुझेर स्वतन्त्रताको जीवन पद्धति चलाउने मनशायद्धारा कानूनी उपचार गरी सम्बन्ध विच्छेद गरेको पाइयो ।

## घ) मौलिक सस्कृति प्रतिको रुपान्तरण तथा समाजमा देखिएको गतिशिलता

समाज र मानव समुदायलाई चलायमान संगठित नीति र नियमभित्र राख्ने समाज विकासको क्रमसँगै सामाजिक रीति बस्दै आएर ती धर्म र संस्कृतिको रुपमा समाजमा स्थापित भए । सामाजिक संरचनामा प्रकार्यात्मक कार्य हुँदा धर्म र संस्कृतिले पनि भूमिका खेल्छ । अहिले आधुनिकता, प्रविधि विकास विज्ञान तथ्य र प्रयोगमूलम सिद्धान्त र व्यवहार समाजमा प्रचलित स्थापित हुँदै जाँदा धर्म र संस्कारको नियमले बाँधिएर बस्ने मानव समुदायको मानसिकतामा स्वत परिवर्तन आएको छ । पुराना मानसिकतामा स्वत परिवर्तन आएको छ । पुराना मुख्य मान्यता संस्कारलाई समाज सापेक्षा कतिपय नियमले मानसिक स्वतन्त्रतालाई बाधेको परिवेश परिवर्तित हुँदै आयो । जे गर्दा, लोक वा समाजको अहित हुन्छ त्यो पाप र जे गर्दा हित लोको हित हुन्छ त्यो धर्म हो भन्ने शास्त्रीय मान्यतासँगै व्यक्तिको स्वतन्त्रता मौलिक हक र अधिकारको आधुनिक मूल्यलाई विज्ञान सापेक्षित मान्यतमा स्थापित गरेर कतिपय संस्कार मौलिक रुपान्तरणमा गए त्यो मध्ये विवाह विच्छेद एक हो । धर्म, संस्कृति, संस्कार, मूलय मान्यताको मर्मलाई समाएर जीवनलाई मुर्दामयबाट मुक्त गरी उर्जामय बनाउन आधुनिक ज्ञान विज्ञान र स्वतन्त्रतामैत्री कानूनी व्यवस्थाले पनि व्यक्ति पारपाचुकेमा पुग्दछन् ।

रुपन्देही जिल्लामा यहाँका स्थानीय र मधेसी समुदायिको जनसंख्यासँगै गैर मधेसी समुदायको जनघनत्व बृद्धिसँगै विवाह प्रणालीमा पनि फरकपन आएको छ । मधेशी समुदायका केटाकेटी र गैर मधेसी समुदायका केटाकेटी विच प्रेम सम्बन्ध बाट वैवाहिक सम्बन्ध कायम भएको तर पारिवारक, सांस्कृतिक, सामाजिक, रीति मूल्य मान्यतामा दम्पत्ती

समायोजन र स्थापित हुन नसक्दा आपसी विमेलको प्रकाष्टमा पुगी सम्बन्ध विच्छेद भएको पाइयो ।

अध्ययनका क्रममा सम्बन्धबिच्छेदका कारणहरुका सबैभन्दा बढि श्रीमान श्रीमति बिदेश र कामको शिलसिलामा घर परिवार संग टढा भएको बेलामा परपुरुष, परस्त्रि संगको सामिप्यता बढि दोहोरीएको देखियो । दोस्रोमा परपुरुष, परपुरुष गमन र संका रहेको देखिन्छ । त्यस्तै सामाजिक सञ्जालका माध्यम फेसबुक, ट्वीटर, टेलिफोन लगायतका साधनहरुको प्रयोगबाट अन्यसंग संग हुने सम्बन्ध, कुलत, दमन, आपसी अबिस्वास र असहयोग, र मधेसी समुदायमा दाईजोको बिषय पनि बिबादको प्रमुख कारणको रुपमा देखिएको छ ।

## ४.४ सम्बन्धबिच्छेद र तत्पश्चातको अबस्था

बिबाहित दम्पत्तिहरु बिच उत्पन्न हुने बिबिध कारणहले गर्दा बैवाहिक सम्बन्धमा दरार सिर्जना भई सम्बन्धबिच्छेद सम्मको अबस्थामा पुगेको हुन्छ । उनिहरुका बिच खटपट उत्पन्न हुने कारणहरुको चर्चा यस अघिको अध्यायमा गरी सकेका छौ । उक्त कारणहरु बाट उत्पन्न भएका बिबादहरु चरम बिन्दुमा पुगि अदालत हुदै कानुनी रुपबाट नै एक अर्का अलग हुने अबस्था सम्म पुगेका हुन्छन । तत्पस्चाात दुबै श्रीमान श्रीमतिको रुपबाट अलाग भई एक अर्का बाट पुर्ण रुपमा अलग भएर रहेका हुन्छन । जसलाई पारपाचुके, सम्बन्धबिच्छेद, बिबाह बिच्छेद आदि नाम दिईन्छ ।

### ४.४.१ सम्बन्धबिच्छेदको लागि दर्ता गर्ने लौगिंक अबस्था

सामान्यताया बैबाहिक जीबनबाट असन्तुष्ट भई संगै बस्न नसक्ने अबस्था सृजना भएपछि सम्बन्धबिच्छेदको निबेदन दर्ता गरेका हुन्छन । सामान्य अबस्थामा पुरुपको तुलनामा महिलाहरु बढि पिडित र रहने भएकाले दर्ता गर्ने सन्दर्भमा पनि महिलाहरु अघि रहेको पाईन्छ । नेपालको सन्दर्भमा पुरुषहरुलाई सम्बन्धबिच्छेद दर्ता गराउने प्रक्रिया अलि लामो रहेको र स्थानिय निकायको माध्ययम बाट जानुपर्ने ब्यबस्था रहेपनि महिलाहरुको लागि भने सहजै अदालतमा गएर दर्ता गराउन सक्ने ब्यबस्था रहेको छ । अध्ययनका क्रममा उत्तरदाताहरुले आफ्नो सम्बन्धबिच्छेद गर्दा सम्बन्धबिच्छेद गरी पाउँ भन्ने निबेदन दर्ता गराउनेको लैगिंक अबस्था निम्नानुसार पाईयो ।

**तालिका ४.१५ सम्बन्धबिच्छेदको निबेदन दर्ता गराउने**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | २ | ८.०% |
| २ | महिला | २३ | ९२.०% |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन, २०७४)*

माथिको तालिका ४.१५ अनुसार सम्बन्धबिच्छेदका घटनाहरु दर्ता गराउनेमा अधिकांश महिलाहरु रहेको देखिएको छ । महिलाहरुको तुलनामा पुरुषहरुको संख्या एकदमै कम देखिएको छ । यसमा पछाडी बिबिध कारणहरु हुन सक्छन । जसमा प्रमुख कारण महिला बाट पुरुषहरु कम दमित हुने भएकाले र पुरुष बाट महिलाहरु तुलनात्मक दृष्टिले बढि दमित हुने भएकाले महिलाहरुको बढि निबेदन परेको हुन सक्छ । तर नेपालको सन्दर्भमा कानुनी व्यबस्थामा महिलाहरु सिदै अदालतमा जान सक्ने र पुरुषहरु जान चाहेमा स्थानिय निकाय मार्फत जानुपर्ने भएकाले पनि महिलाको तुलनामा पुरुषहरुको दर्ता कम देखिएको हुन सक्छ ।

### ४.४.२ सम्बन्धबिच्छेद गर्दाको उमेर

दम्पतिहरुको बिबाह कतिको सफल रहने कुरा उनिहरुको बिबाहको उमेर, एक अर्काको उमेरको भिन्नता र आपसी समझदारीले निर्धारण गर्दछ । कम उमेरमा बिबाह गर्ने, श्रीमान श्रीमति बिचको उमेर भिन्नता अधिक हुने र दुई दम्पत्तिहरु बिचको आपसी बिस्वास र समझदारीमा कमि रहनुले बिबाह बिच्छेदका घटनाहरु हुने बिभिन्न अध्ययन हरुले देखाएका छन । सम्बन्ध बिच्छेद गर्दाको उमेर को अबस्था बाट कस्तो उमेर समुहमा बढि सम्बन्धबिच्छेदका घटनाहरु हुन्छन त भन्ने प्रश्नको उत्तर प्राप्त गर्न सकिन्छ ।

**तालिका४.१६ सम्बन्धबिच्छेद गर्दाको उमेर**

| **क.स.** | **बिबरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | १५-२० | १ | ४.0% |
| २ | २०-२५ | ५ | २०.0% |
| ३ | २५-३० | १५ | ६०.0% |
| ४ | ३०-३५ | ३ | १२.0% |
| ५ | ३५ भन्दा माथी | १ | ४.0% |
| ६ | जम्मा | २५ | १००.0% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका ४.१६ अनुसार सम्बन्धबिच्छेद गर्दाको उमेर समुहले कुन सोच भएको उमेर समुहमा सम्बन्धबिच्छेदका घटनाहरु बढि भएका छन त भन्ने कुरा प्रष्ट पारेको हुन्छ । माथीको स्तम्भचित्र बाट सबैभन्दा बढि सम्बन्धबिच्छेदका घटनाहरु पुरुषहरुका २५ बर्ष देखि ३० बर्षको बिचको उमेर समुहमा भएको पाईयो भने महिलाहरुमा पनि २५ देखि ३० बर्षको बिचमा बढि देखिए पनि २० बर्ष देखि २५ बर्ष उमेर समुहका महिलाहरुमा पनि सम्बन्ध बिच्छेदका घटनाहरु बढि भएको पाईयो । जसबाट बिबाह गरेको केहि समयमा नै सम्बन्ध बिच्छेद गरेकाहरुको संख्या बढि देखिन्छ । यसका साथै २० बर्ष भन्दा कम उमेरमा पनि सम्बन्धबिच्छेद भएको देखियो जुन उमेरलाई पुर्ण रुपमा बिबाहको लागि पनि योग्य उमेर पुगेको हुदैन त्यस्तो अबस्थामा बिबाह गरि सम्बन्धबिच्छेद भैसकको पक्कै पनि सहि कार्य हुन सक्दैन । ३५ बर्ष भन्दा माथिको उमेर समुहका सम्बन्धबिच्छेदका घटनाहरु पनि देखिनु ले बैबाहिक जीबन लामो समयसम्मसंगै बिताएकाहरुको सम्बन्धमा पनि दरार सिर्जना हुने रहेछ भन्ने कुरा देखाएको छ ।

### ४.४.३ बैबाहिक जीबनको अन्त्य

बैबाहिक जीवनको अबधि भन्नाले सम्बन्धबिच्छेद गरी श्रीमान श्रीमति कानुनी रुपमा अलग नहुन्जेल सम्मको अबस्था रहेको हुन्छ । बिबाहित दम्पत्तिहरुले बिबाहको कति समय पछि सम्बन्धबिच्छेद गर्छन भन्ने कुराले उनिहरु बिबाहको प्रक्रिया र बैबाह पुर्ब र

बिबाह पस्चातको अबस्थाको समेत चित्रण गरेको हुन्छ । अध्ययनमा सम्मिलित उत्तरदाताहरुको बैबाहिक जीवनको अन्त्यको अबस्थालाई हेर्दा यस प्रकार पाईयो ।

**तालिका ४.१७ बैबाहिक जीवनको अन्त्य**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १बर्ष भित्र | २ | ८.०% |
| २ | १ देखि ५ बर्ष सम्म | १४ | ५६.०% |
| ३ | ५ बर्ष देखि १० बर्ष सम्म | ७ | २८.०% |
| ४ | १० बर्ष पछि | २ | ८.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

अध्ययनमा सम्मिलित उत्तरदाताहरु लाई हेर्दा बिबाहको एक बर्ष भित्रै सम्बन्धबिच्छेद गरेकाहरु पनि देखियो यसले बिबाहको प्रक्रिया माथि नै प्रश्नचिन्ह खडा गराएको छ । बिबाहको तीन बर्ष भित्र ६४ प्रतिशतनै सम्बन्ध बिच्छेद भएको देखिनुले बिबाह पुर्बको बुझाई र बिबाह पस्चातको गराईको बिचमा तालमेलको कमि भएको देखिन्छ । त्यसैगरी दश पन्ध्र बर्ष सम्मको दाम्पत्य जीबन पछि पनि सम्बन्धबिच्छेद हुनाले उनिहरुमा सन्तानको भबिश्यको चिन्ता र लामो समयको प्रयास पछि पनि आफ्नो जीबन साथीको असहयोगका कारण अन्तिक बिकल्पको रुपमा सम्बन्धबिच्छेद अंगालेको देखियो ।

### ४.४.४ सन्तानको अबस्था

सामान्यतया सम्बन्धबिच्छेद भन्नले बिबाह पछिको जीवनमा आईपरेका अबिस्वास र असमझदारी समाधानको लामो प्रयास पछि पनि समस्या समाधान हुन नसक्नु, समाधान गर्न नसकिने खालका अबस्थाहरु सिृजित हुनु जस्तो अबस्थामा अन्तिम बिकल्पको रुपमा सम्बन्धबिच्छेद गर्नु जायज हुन आउछ । तर सामान्य असामझदारी र सामान्य बिबादको बिषयलाई सम्बन्धबिच्छेद गर्नृ पक्कै पनि जायज देखिदैन । यसलाई सन्तानहरुको अबस्थाले प्रभाब पारेको हुन्छ । सन्तान नभएकाहरुमा व्यक्तिगत स्वार्थ बढि हाबि हुन्छ भने सन्तान भएका हरुमा आफ्नो भन्दा बढि सन्तानको चिन्ता रहेको पाईन्छ ।

**तालिका४.१८ सन्तानको अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन्तान भएका | ९ | ३६.०% |
| २ | सन्तान नभएका | १६ | ६४.०% |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका ४.१८ लाई बिश्लषण गर्दा सन्तान भएका दम्पत्तिहरुको तुलनामा सन्तान नभएका दम्पत्तिहरुमा सम्बन्धबिच्छेदका घटनाहरु बढि भएको पाईयो । जस अन्तरगत बिबाह पस्चात सन्तानहरुको पनि जिम्बेबारी थपिने भएकाले अनिहरुमा केहि आपसी समझदारी र सहनसिलता हुने भएका कारण उनिहरुमा सम्बन्धबिच्छेदको दर कम देखिन्छ भने त्यसै उमेर समुहमा सन्तानको भबिश्यको चिन्ताका कारण उनिहरुले आफ्नो सन्तानमा नकारात्मक प्रभाब नपरोस भन्ने उद्देश्यले अलग भएको पनि पाईयो ।

### ४.४.५ क्षतिपुर्ति वा मानाचामल को अबस्था

बिबाह गरीसकेपछि एक एक अर्का अलग भएको खण्डमा भावि जीवनको व्यतित गर्नको लागि आर्थिक आबस्यकता पर्ने भएकाले र बिबाह पस्चात कानुनी रुपमा पनि श्रीमानको घरको अंसभन्डामा श्रीमतिको पनि हक लाग्ने भएकाले सम्बन्धबिच्छेदका क्रममा महिलाहरु ले श्रीमान बाट अंस वा मानाचामल लिन पाउने कानुनी व्यबस्था रहेको छ । यस कार्यको बिगतका दिनहरुमा त्यति प्रयोग कम भएको पाईएतापनि बर्तमान समयमा भने प्रयोग व्यापक बनेको छ । अध्ययनमा सम्मिलित उत्तरदाताहरुको अबस्था निम्नानुसार पाईयो ।

**तालिका४.१९ सम्पत्ति वा मानाचामल को अबस्था**

| **क्र.स.** | **बिबरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | लिएर/दिएर | १३ | ५२.0% |
| २ | नलिई/नदिई | १२ | ४८.0% |
| ३ | जम्मा | २५ | १००.0% |

*स्रोत: कार्यक्षेत्र अध्ययन २०७४*

तालिका ४.१९ अनुसार सम्पत्ति लिएर दिएर सम्बन्धबिच्छेद गर्नेहरुको संख्या तुलनात्मक दृष्टिले बढि देखिएको छ। पचास प्रतिशत भन्दा बढि महिलाहरुले सम्पत्ति लिएर सम्बन्धबिच्छेद गर्नले महिलाहरुमा चेतनाको स्तरमा बृद्धि भएको मान्न सकिन्छ। भने अन्य हरुले स्वैक्षिक रुपमा कुनै सम्पत्ति नलिईकिन पनि सम्बन्धबिच्छेद गरेका रहेका छन। नेपालको बर्तमान कानुन ले महिलाहरुको सहयोग पुग्ने खालको व्यबस्था जारी गरेको छ। तर यसको गलत फाईदा उठाई कुनै एक जनासंग बिबाह गरी सम्पत्ति लिएर सम्बन्धबिच्छेद गरी पुन अन्य पुर्नबिबाह गर्नेहरु पनि देख्न सकिन्छ। सम्पत्ति लिएर गर्नेहरुमा चेतनाको बिकास र नलिईकन गर्नेहरुमा स्वतन्त्रताको चाहाना बढि असरदार देखियो।

## ४.४.६ समाजले गर्ने व्यबहार

हाम्रो समाज परम्पराबादि सोच बाट अझै पनि पुर्ण रुपमा बाहिर निस्किन सकेको छैन। तसर्थ यहा अझैपनि पुरुष र माहिलालाई गर्ने र हेर्ने व्यबहार फरक रहेको देखिन्छ। बिबाह गरी पुरुषको घरमा जानु पर्ने अबस्था देखि पुरुषको गोत्रमा जाने कुरा, त्यस पस्चात जन्मिने छोरा छोरीलाई नाम दिने सन्दर्भमा होस वा सरकारको पक्ष बाट नागरीकता दिने जस्तो कुरामा होस समाज देखि राज्य स्तर सम्म हरेक क्षेत्रमा महिलाहरु लाई हेर्ने सन्दर्भमा बिभेद रहेको देख्न सकिन्छ। समाजले गर्ने ब्यबहार फरक समाज, धर्म, जातजातिहरुमा केहि भिन्नता देखिएता पनि औसत रुपमा बिभेदकारी भएको देखिन्छ। अध्ययनका क्रममा उत्तरदाताहरुलाई पनि सम्बन्धबिच्छेद पस्चातका दिनहरुका तपाईलाई समाजले गर्ने व्यबाहमा कस्तो पाउनु भएको छ भनि गरीएको प्रश्नमा उनिहरुको जबाफ यस्तो पाईयो।

**तालिका ४.२० समाजले गर्ने व्यबहार**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पहिलो जस्तो सामान्य | १६ | ६४.०%) |
| २ | नराम्रो | ९ | ३६.०%) |
| ३ | जम्मा | २५ | १००.०% |

*(स्रोत: स्थलगत सर्बेक्षण (२०७२)*

तालिका ४.२० बाट अध्ययन क्षेत्रमा सम्बन्धबिच्छेद पस्चात समाजले गर्ने व्यबहार मिश्रीत खालको देखियो । अध्ययनका क्रममा सम्पुर्ण पुरुषहरुलाई सम्बन्धबिच्छेद पस्चात समाजले गर्ने व्यबहारमा कुनै पनि प्रकारको फरकपन र असहज महसुस गरेको पाईएन । केहि शिक्षित परिवारहरु र शहरी क्षेत्रमा बसोबास गर्ने केहि महिलाहरुमा सामान्य व्यबहार गरेको पाईयो । यस बाट अझैपनि हाम्रो समाजमा महिला पुरुष बिच बिभेदकारी सोच रहेको देखिन्छ र सम्पुर्ण जिम्बेवारी महिलाहरु माथी थोपर्ने गरेको पाईन्छ ।

### ४.४.७ हालको रोजगारीको अबस्था

सम्बन्धबिच्छेद पस्चात श्रीमान श्रीमति शारिरीक रुपमा मात्र अलग हुदैनन । उनिहरु सामाजिक, सांस्कृतिक, आर्थिक साथै सम्पुर्ण क्षेत्रबाट अलग भएका हुन्छन । यस क्रममा उनिहरुको दैनिकी सञ्चालन गर्नका लागि आईपर्ने सम्पर्ण भार आफै बेहोर्नु पर्ने हुन्छ । उनिहरुको बर्तमान र भाबि जिवन जीउनको लागी रोजगारीको अबस्था महत्वपुर्ण स्थान रहेको हुन्छ । अध्ययनमा सम्मिलित सम्बन्धबिच्छेद गरेका व्यक्तिहरुलाई तपाईहरुको हालको रोजगारीको अबस्था के छ भनि सोधिएको प्रश्नमा प्राप्त उत्तरलाई निम्नानुसार तालिकाको माध्यम बाट प्रस्तुत गरिएको छ ।

**तालिका४.२१ हालको रोजगारीको अबस्था**

| क.स. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| २ | बैदेशिक रोजगार | १० | ४०.०% |
| ३ | व्यापार व्यबसाय | ४ | १६.०% |
| ३ | जागिर | ४ | १६.०% |
| ४ | बेरोजगार | ५ | २०.०% |
| ५ | जम्मा | २५ | १००.०% |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

तालिका४.२१ अन्तरगत सम्बन्धबिच्छेद पस्चातको रोजगारीको अबस्थालाई हेर्दा बैदेशिक रोजगारमै धेरै देखियो । केहि मात्रामा व्यापर व्यबसाय तथा जागिरमा पनि लागेको देखिएतापनि बिबाह पुर्ब अधिकांस बेरोजगार वा घरको काममा रहने महिलाहरु सम्बन्धबिच्छेद पस्चात भने बिभिन्न पेसामा अबद्ध भएको पाईयो । जस अन्तरगत धेरै महिलाहरु व्यापार व्यबसाय मार्फत आफ्नो जीबिका निर्बाह गरेको र अन्य केहि जागिर तर्फ लागेको पनि देखिन्छ । तुलनात्मक रुपमा सम्बन्धबिच्छेद पुर्ब भन्दा पस्चातको अबस्थामा महिलाहरु बढि आत्मनिर्भर बनेको पाईयो।

### ४.४.८ हालको बसाईको अबस्था

हाम्रो समाजको सामाजिक व्यबस्था अनुरुप बिबाह गरीसके पछि महिला पुरुष घर जने प्रचलन रहेको छ । आमा बाबुले छोरीलाई कन्यादान गरी सकेपछि उसले पतिको गोत्र प्राप्त गरेको हुन्छ र बाकि पछिको उसको जीवन पुर्ण रुपमा श्रीमानको घरमा काट्नु पर्छ भन्ने धारण रहेको छ । पुरुषहरु भने निर्बाध रुपमा आपनो घरमा बस्ने गर्दछन । अध्ययनमा सम्लग्न उत्तरदाताहरुको हालको बसाईको अबस्था यस प्रकार पाईयो ।

**तालिका ४.२२ सम्बन्धबिच्छेद पस्चातको बसाईको अबस्था**

| क.स. | बिबरण | पुरुष | महिला |
|---|---|---|---|
| १ | घरमा | १० (१००.०%) | ०.०%) |
| २ | माईतीघर | ०.०%) | ७ (४६.७%) |
| ३ | बाहिर डेरामा | ०.०%) | ८ (४६.७%) |
| ५ | जम्मा | १० (१००.०%) | १५ (१००.०%) |

*(स्रोत: कार्यक्षेत्र अध्ययन २०७४)*

यहां तालिका ४.२२ लाई बिश्लेषण गर्द सम्बन्धबिच्छेद पस्चात पनि पुरुषलाई बसाइमा कुनै प्रकारको असहजता भएको देखिदैन । सम्पुर्ण निर्बाध रुपमा आपनो घरमा बसिरहेका छन । महिलाहरुको अबस्था भने अलि फरक पाईयो । जस अन्तरगत झण्डै आधा संख्यामा माईतिघरमा बसेको पाईयो भने त्यतिकै संख्यामा बाहिर डेरा गरी बसेको पाईयो । एक जना भने पुर्नबिबाह गरी नव श्रीमानको घरमा बसेको पनि पाईयो । यस बाट सम्बन्धबिच्छेद पस्चात बसाईमा पुरुषहरुमा कुनै समस्या नभएको तर महिला हरुमा भने प्रचुर मात्रामा समस्या रहेको पाईयो ।

### ४.४.९ सम्बन्धबिच्छेद पस्चातको अनुभब

सम्बन्धबिच्छेद पस्चात दुई मन मुटु साटेका जोडिहरु, सम्पुर्ण परिवार छाडी एक अर्काका लागि बाच्ने कसम खाई बिबाहको बन्धनमा बधिएका जोडीहरुको एक अर्का संग अलग भए पस्चात का दिनहरुमा उनिहरुमा केहि न केहि प्रभाब परेकै हुन्छ । चाहे सकारात्मक होस या नकारात्मक । बिबाह पस्चातको असमझदारीका कारण उत्पन्न समस्याहरुको समाधान निकाल्न नसक्दा र दैनिक जसोको झगडा दमन शोषण सहनु भन्दा एक्लै बस्नु बेस ठनी सम्बन्धबिच्छेद गरेकाहरु भने केहि हद सम्म पहिलाको भन्दा सकारात्मक जीवन बिताईरहेका हुन्छन । अधिकांस भने बिबाह पस्चातको अबस्था सोचे जस्तो नरहने हुदाँ मानशित तथा सामाजिक रुपमा तनाबको स्थितिमा रहेको पाईन्छ । यस अध्ययनमा सम्लित उत्तरदाताहरुको सम्बन्धबिच्छेद पस्चात कस्तो महशुस गर्नु भएको छ भनि सोधिएको प्रश्नमा उहाहरुको उत्तर निम्नानुसार पाईयो ।

**तालिका ४.२३ सम्बन्धबिच्छेद पस्चातको महसुस**

| क्र.स. | बिबरण | पुरुष | महिला |
|---|---|---|---|
| १ | खुसि | ८ | ३२.०% |
| २ | दुखि | १४ | ५६.०% |
| ३ | स्वतन्त्र | १ | ४.०% |
| ४ | एक्लो | २ | ८.०% |
| ५ | जम्मा | २५ | १००.०% |

*(स्रोत: स्थलगत सर्बेक्षण २०७४)*

सम्बन्धबिच्छेद पस्चातका दिनहरुमा सम्बन्धबिच्छेद कर्ताहरुको धारण मिश्रीत खालको पाईयो । दुखि धेरै भएतापनि केही खुसी भएको पनि पाईयो । त्‌तकालका लागि सम्बन्धबिच्छेद केहि हदसम्म स्वतन्त्रताको महशुस गराएता पनि केहि समय पछि त्यसले नकारात्म असरहरु बढि पारेको पाईन्छ । सम्बन्धबिच्छेद पस्चातको जीवन पहिला सोचेजस्तो सहज नहुदा त्यसको प्रमाब बढि नकारात्मक रहेको हुन्छ ।

**४.४.१० व्यक्ति तथा सामाजिक जीवनमा परेको प्रभाब**

सम्बन्धबिच्छेद दुई व्यक्तिहरु बिचको आपसी मामला मात्र नभई यसको सम्बन्ध परिवार समाज संग पनि उत्तिकै रहेको हुन्छ । सम्बन्धबिच्छेदका कारणहरु व्यक्ति, परिवार र समाजबाटै उत्पन्न हुने भएकाले यसको प्रभाब पनि व्यक्ति, परिवार र समाजमा परेको हुन्छ । सम्बन्धबिच्छेद आफैमा बिच्छेद, बिभाजन भएकोले यसले कालान्तरमा पार्ने प्रभाब सकारात्मकको तुनलामा नकारात्मक नै बढि रहेको पाईन्छ ।

सम्बन्धबिच्छेदले सम्बन्धित व्यक्तिहरुमा प्रतक्ष रुपमा प्रभाब पारेको हुन्छ । उनिहरुको व्यबहारीक जिवनको साथै मानशिक रुपमा प्रभाब पारेको हुन्छ । अनुसन्धानका क्रममा धेरै उत्तरदाताहरु मानसिक रुपमा चिन्तीत रहेको पाईयो । बिबाह गरी घरजाम गरी खुसिका साथ रहेने आशामा रहेका उनिहरुमा बिबाहको एक दुई बर्षमा नै बिबाह बिच्छेद गरी अगल अगल भएर बस्नु पर्ने अबस्था सिृजना होला भनेर कसैले सोचेका हुदैनन् । सम्पुर्ण जीबन ले नै नयाँ मोड लिएको उनिहरुको अभिव्यक्ति रहेको छ । मानसिक तनाब त छदैछ त्यर्समाथी समाजले गर्ने नकारात्मक व्यबहारका कारण उनिहरुमा थप नैरास्यताको बिकाश हने उनिहरुको ठम्याई रहेको छ । समाजले गर्ने व्यबहार बाट पुरुषहरु त्यक्ति चिन्तित नदेखिए पनि मानिसिक रुपमा बढि चिन्तित रहेको पाईयो । सम्बन्धबिच्छेद गर्ने व्यक्तिले तत्कालका लागि राहातको महशुस गरेपनि उनिहरुले सोचेको बैकल्पिक पारिवारीकता अपेक्षित रुपमा सन्तुलित भएको हुदैन । त्यसकारण कालान्तरमा उनिहरुमा मानशिकता पिडा र असामान्य स्थितिको शिकार बनेको देखिएका छन् । यस बाट महिलाको तुलानामा पुरुषहरु बढि प्रभाबित भएको पाईन्छ । केहि महिला उत्तरदाताहरुको भनाईलाई हेर्दा सम्बन्धबिच्छेद पुर्बको नरकिय जिबन जिउनु भन्दा अलग भएर आफ्नो बाटो आफै गर्दा आफहरु खुसी रहेको पाईयो तरपनि त्यो केबल बिकल्पको रुपमा मात्र रहने उनिहरुको धारण रहेको छ । कुनैपनि व्यक्तिले महिला होस वा पुरुष आफ्नो बिबाह बिच्छेद होस भन्ने कसैले नि नचाहाने उनिहरुको धारण रहेको थियो ।

बिबाह मार्फत एक भएका दम्पत्तिहरु उनिहरुमा व्यक्तिगत रुपमा मात्र नभई पारिवारीक रुपमा पनि एक भएका हुन्छन । बिबाह मार्फत एक भएका परिबार सम्बन्धबिच्छेद मार्फत अलग हुदा श्रीमानले श्रीमति र श्रीमतिले श्रीमान मात्र नगुमाई सम्पुर्ण परिवारले नै एक आमा, बुबा, बुहारी, भाउजु, भिनाजु ईत्यादि सम्बन्ध नै गुमेको हुन्छ । तसर्थ त्यसको प्रभाब सम्बन्धित व्यक्तिमा मात्र नभई सम्पुर्ण परिबारमा यसको प्रभाब परेको हुन्छ । बालबच्चाको पहिलो शिक्षालय घरलाई लिईन्छ । हरेक मानिरले जिबनमा सबैभन्दा पहिला र धेरै कुरा परिवारबाटै सिकेको हुन्छ । बाबु आमाको सम्बन्ध र घर परिवारको स्थितीको अनुसारको प्रभाब बालबच्चामा पनि परेको हुन्छ । बाबु आमाको चिसो सम्बन्ध र उनिहरुमा रहेको बेमेल, र सम्बन्धबिच्छेद गरी अलग बस्ने जस्तो अबस्थामा त्यसको पुर्ण नकारात्मक प्रभाब उनिहरुको बाल बच्चामा परेको हुन्छ ।

मानिस सामाजिक प्राणी भएकोले यसका सम्पुर्णकार्यहरु समाजमा नै हुने गर्दछन । मानबिय क्रियकलापबाट नै समाजले अस्तित्व र निरन्तरता पाएको हुन्छ । तसर्थ मानबिय क्रियकलापको प्रभाब समाजमा प्रतक्ष रुपमा परेको हुन्छ । सामान्यरुपमा हेर्दा सम्बन्धबिच्छेद दुई व्यक्तिहरुको अपसि सम्बन्धको बिखण्डन भएतापनि यसको प्रभाब सम्पुर्ण सामाजिक जीवनमा परेको हुन्छ । सम्बन्धबिच्छेदले समाजिक जिवनमा पार्ने प्रभाबका बारेमा उत्तरदाताहरुको बिभिन्न धारण पाईयो । संगै भएका दम्पत्तिहरु दम्पत्तिहरु छुट्टीनु आफैमा नकारात्मक पक्ष हो । छुट्टिने अलग हुने, बिच्छेद हुने कुरा आफैमा नराम्रो पक्षहरु हुन । यसले न त परिवारमा न समाज मा नै सकारात्मक प्रभाब पार्न सक्दैन । समाजमा नराम्रो संस्कारको बिकास हुन्छ, अस्थिरता पैदा हुन्छ । एक जनाले सम्बन्धबिच्छेद गरी स्वतत्रभई बसेको बा पहिलेको भन्दा बढि प्रगति गरेको देखासिकी गरी अन्यले पनि सामान्य बिबादमा पनि सम्बन्धबिच्छेद गरि बस्ने संस्कारको बिकास हुन जान्छ । जसले सम्पुर्ण समाजिक संस्थाहरुमा नै गम्भिर समस्या सृजना गरिदिन्छ । सामाधान हुनै नसक्ने समस्याहरु सहेर सधै झैझगडाको अबस्थामा बस्नुभन्दा अलग भएर बस्नु दुबै पक्षको हितमा हुन आउछ । तर सामान्य बिबादमा पनि सम्बन्धबिच्छेद गर्नु कदापि सहि हुन सक्दैन । सम्बन्धबिच्छेदले समाजिक संरचनामाथी गम्भिर असार पार्ने देखिन्छ । परिबारका यी बिचलनमुखी बैबाहिक सम्बन्ध र जीवन शैलीका कारणले पारिवारीक र सामाजिक व्यबस्थामा मानबिय एकता कमजोर भएको छ । जसको कारणले समाजमा अर्को बिभाजनमुखि प्रबृत्ति र असन्तुलन बढाउने सम्भाबना रहेको छ ।

# अध्याय पाँच

# अध्ययनको सारांश र बिश्लेषण

## ५.१ अध्ययनको सारांश

मानिसले आफ्नो दैनिकी सहज र व्यबस्थित बनाउनका लागी बिभिन्न सामाजिक सस्थाहरुको निर्माण गरेको हुन्छ । समय अन्तराल सगैं समाजका हरेक पक्षहरुमा परिबर्तत आएको हुन्छ । सोही परिबर्तित समाज सगै समायोजन हुनका लागि सामाजिक सस्थाहरुको पनि परिबर्तन भएको हुन्छ । सामाजिक परिबर्तन सगैं दुई व्यक्तिका साथै दुई परिवारलाई एक गराउने बिबाह सस्थामा पनि दरार वा समस्याहरु सृजना हुन भएको देखिन्छ ।

यो अध्ययन पश्चिम नेपालको रुपन्देही जिल्लाको मधेसी समुदायमा बढ्दै गएका सम्बन्धबिच्छेदका घटनाहरुमा आधारीत छ । बिभिन्न जातजातिहरु, भिन्न भिन्न धर्माबलम्बिहरुको बसोबास रहेको यस जिल्लामा आर्थिक, व्यापारीक, औद्योगिक र कृर्षि, शिक्षा, स्वास्थ्य, यातायात लगायतका बिकासका पुर्बाधारहरुको यथेष्ठ बिकासको भएकोले पहाडी जिल्लाहरुबाट यस क्षेत्रमा बसाईसराई गरी आउनेहरुको दर उच्च रहेको छ । दिनप्रतिदिन बढ्दो शहरीकरण, राज्यको उदारबादी निति, युवाहरुमा पश्चिमा संस्कृति प्रतिको आकर्षण ईत्यादि कारणहरुले यस क्षेत्रमा पश्चिमिकरण र आधुनिकिकरणको प्रभाब बढि परेको देखिन्छ ।

बिबाहलाई दुई व्यक्तिको सम्बन्ध मात्र नभई सात जन्मको सम्बन्ध र दान, पुण्यको कार्य संग जोडेर हेर्ने हाम्रो नेपाली समाजमा दिन प्रतिदिन सम्बन्धबिच्छेदका घटनाहरु बढदै जानुले बिबाह सस्थामाथि नै प्रश्नचिन्ह खडा गरेको छ । बिगत केही बर्ष यता यस क्षेत्रमा सम्बन्धबिच्छेदका घटनाहरु तिब्र रुपमा बृद्धि भएकाले यस बारेमा अध्ययन गरी सम्बन्धबिच्छेदका घटनाहरु निम्त्याउने कारणहरुको खोजी गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको थियो । अध्ययनका लागि साधारण चिट्ठा प्रबिधि बाट सबैको प्रतिनिधित्व हुने गरी २५ जोडी उत्तरदाताहरु नमुनाको रुपमा छनौट गरी उनै उपर अध्ययन गरीएको थियो । छनौटमा परेका उत्तरदाताहरुलाई प्रश्नावलीहरुका, संरचित र असंरचित अन्तरबार्ता माध्यमबाट सत्य तथ्य बुझि तथ्यांक संकलन गरिएको थियो । प्राप्त गुणत्मक र मात्रात्मक तथ्यांकहरु मध्ये मात्रात्मक तथ्यांकहरुलाई बिभिन्न तालिकाका माध्यमबाट तालिकिकरण

गरि त्यसैको आधारका तथ्यांकको बिश्लेषण गरिएको छ भने गुणत्मक तथ्यांकहरुलाई बर्णनात्मक रुपबाट बिश्लेषण गरि निष्कर्ष निकालिएको छ ।

## ५.२ उपलब्धिहरु

- शैक्षिक आधारमा अध्ययनमा संलग्नहरु मध्ये सम्बन्धबिच्छलेद गर्नेहरु अधिकांस शिक्षित बर्ग तथा एस.एल.सी पास गरेका पाईयो ।
- केहीको २० बर्ष पहिलै बिबाह भएको भएतापनि अधिकांसको बैबाहिक उमेर २० देखि ३० बर्षको बिचमा भएको पाईयो । जुन सामान्य मानिन्छ ।
- मागी बिबाह र प्रेम बिबाह दुबैमा सम्बन्धबिच्छेदका घटनाहरु भएको पाईयो । जातिगत अबस्थामा भने सजातिय बिबाहमा अन्तरजातियको तुलनामा बढि पाईयो ।
- समाजमा अझैपनि बिबाहपुर्ब स्वस्थ पहिचानको कमी रहेको देखियो ।
- सम्बन्धबिच्छेद गर्नेहरुमा ठुलो संख्या बैदेशिक रोजगारीमा संलग्न भएकाहरु पाईयो भने रोजगारीको अभाब पनि परिवारमा खटपट ल्याउने कारण बनेको पाईयो ।
- श्रीमान श्रीमति बिच रहेको शैक्षिक भिन्नताले उनिहरु बिचको बैचारीक भिन्नता पनि सम्बन्धबिच्छेदको कारण बनेको पाईयो ।
- आधुनिक संञ्चार माध्यम, सामाजिक सञ्जालको अति प्रयोग पनि परिवारमा बिखण्डन ल्याउने कारण बनेको पाईयो ।
- बर्तमान अबस्थामा दाईजोको बिषयलाई लिएर परिवारमा बिबाद हुने अबस्था कमी आएपनि अझैपनि मधेसी समुदायमा केही रहेको पाईयो ।
- बिभिन्न काम वा रोजगारीको  शिलशिलामा घरदेखि परिवार देखि अलग बस्नुपर्नेमा त्यस बिचमा अन्यत्र संग हुने सामिप्यता पनि सम्बन्धबिच्छेदको कारण बनेको पाईयो ।
- कुलत, लागुपदार्थ सेवन, घरेलु हिंसा पनि सम्बन्धबिच्छेदको कारण बनेका पाईयो ।
- दमन शोषण सहेर नबस्ने स्वतन्त्रता पुर्बब बाच्ने चाहानाका कारण पनि अलग भएको पाईयो ।

- अधिकांस सम्बन्धबिच्छेदका घटनाहरु २० देखि ३० बर्ष बिचको उमेर समुहमा बढि भएको पाईयो । यद्यपी २० बर्ष भन्दा कम र ३५ बर्ष भन्दा माथिको उमेर समुहमा पनि पाईयो ।

- सन्तान भए नभएका दुबैमा सम्बन्धबिच्छेदका घटनाहरु पाईएतापनि तुलनात्मक रुपमा सन्तान नभएकाहरु बढि पाईयो ।

- तुलनात्मक रुपमा सम्बन्धबिच्छेद पस्चात महिलाहरु बढि आत्मनिर्भर भएको पाईयो । हामी नि केहि गर्न सक्छौ भन्ने भाबनाको बिकास भएको पाईयो ।

- सम्बन्धबिच्छेद पस्चात समाजले हेर्ने दृष्टिकोण पुरुषको तुलनामा महिलाहरु प्रति नकारात्मक रहेको पाइयो र समाजमा समायोजन हुन पनि कठिन रहेको धारणा पाइयो ।

- सम्बन्धबिच्छेद पस्चात पुरुषको तुलनामा महिलाहरुमा सामाजिक असहयोग रहेको पाईयो ।

- सम्बन्धबिच्छेदको बृद्धिले समाजिक रुपान्तरणमा असर पार्ने र समाजमा नकारात्मक संस्कारको बिकास गराउने धारण पाईयो ।

- पछिल्लो समयमा आधुनिकिकरण, पश्चिमिकरण, पुजिबांदको बिकास संगै नेपाली समाजमा सम्बन्धबिच्छेदका घटनाहरु बढिरहेको पाईयो ।

- बालबालिकाहरुमा बाबुआमाको मायाको कमिका कारण उनिहरुको मानशिकतामा प्रभाब पर्ने र पढाई लेखाईको साथै भबिश्यमा समेत नकारात्मक प्रभाब परेको देखियो । तर कुनै दम्पत्तिहरुमा भने सन्तानको भबिश्यको चिन्ताका कारण सम्बन्धबिच्छेद गरि उनिहरुको लागि सकारात्मक बाताबरण प्रदान गर्ने उद्देश्य पनि देखियो ।

### ५.३निष्कर्ष

हाम्रो नेपाली समाज हालका दिनहरुमा सुचना र सञ्चारको बढ्दो प्रयोग, शिक्षा र रोजगारीको बिकास, शहरीकरण, पश्चिमिकरण जस्ता पक्षहरुमा भएको परिबर्तन संगै समाज र संस्कारहरु पनि बिस्तारै परिबर्तनको दिशामा अघि बढेका छन । जसको प्रभाब नेपाली समाजका समाजिक संस्थाहरुमा पनि परेको छ । परम्परागत समाज लाई हेर्ने हो

भने ८० प्रतिशत भन्दा बढि जनसंख्याहरु हिन्दु धर्म मान्ने नेपाली समाजमा यहांका हरेक सामाजिक सस्थाहरुमा हिन्दुधर्मको प्रभाव परेको देखिन्छ । हिन्दुधर्मले बिबाह लाई सात जन्मको बन्धन मानी सम्बन्धबिच्छेदलाई बर्जित गरेको पाईएता पनि परिबर्तित समाज र संस्कृति संगै यस समुदायमा सम्बन्धबिच्छेदका घटनाहरु यत्र तत्र देखिन थालेका छन ।

हिजो आफ्नो कर्म ठानेर बिबाह पस्चातका सम्पुर्ण दमन शोषण सहेर बस्ने महिलाहरु आफ्नो हक हितका कुरा उठाउन लागेका छन । महिलाहरु शिक्षित र आत्मनिर्भर बन्दै जानु, शहरिकरण, औद्योगीकरण, पश्चिमा संस्कृतीको अबलम्बनमा तिब्रता, पुँजीवादको बिकास संगै घरपरिवार र नातासम्बन्धलाई कम महत्व दिनु, व्यक्तिगत चेतनाको बिकास, आर्थिक रुपमा आत्मनिर्भर बन्नु, शहनशिलतामा कमि, Compromise गर्न नसक्नु, परम्परागत मुल्यमान्यताहरु कम महत्व दिनु आदि कारणहरुले नयाँ पुस्ताहरुमा सम्बन्धबिच्छेद दर बढि रहेको देखियो । परम्परागत कारणहरु जस्तै लागु पदार्थ तथा मादक पदार्थको सेवन, मानशिक तथा शारिरीक हिंसा, सन्तानहरुको भबिश्यको चिन्ता जस्ता कारणहरुले पनि समाजमा सम्बन्धबिच्छेदका घटनाहरु भएको पाईयो । पछिल्लो समयमा रोजगारीका सिलसिलामा बिदेशिने नेपाली युवाहरुको संख्या उच्च रहेको छ । आर्थिकरुपमा उनिहरुको अबस्था सुदृढ भएपनि पारिबारीक अबस्था भने निकै कमजोर देखिएको छ । पुराना पुस्ताहरु अझैपनि परम्परागत मुल्यमान्यता तथा धार्मिक आस्थाहरुको अबलम्बन गराउनमा जोड रहेको देखिन्छ भने नयां पुस्ताहरु स्वतन्त्रका साथ जिउन र "My body my choice"को रुपमा अघि बढेको देखिन्छ । तसर्थ उनिहरुले आफ्नो जीवन आफ्नो तरिकाले जीउन चाहान्छन । बिबाहित व्यक्तिहरु शासक र शासितको रुपमा नभई एक अर्काको असल साथीको रुपमा जिउन चाहान्छन । आफुले जस्तै आफ्नो जीवन साथीले पनि आफुलाई माया गरोस, ख्याल गरोस भन्ने चाहान्छन । तर एक पक्षको बेवास्ता, असहयोग र असमझदारीका कारण सामान्य घटनाहरुबाट सुरु भएको बिबाद पनि सम्बन्धबिच्छेद गरी अलग अलग बस्ने अबस्थामा समेत पुगेको हुन्छ ।

सम्बन्धबिच्छेद व्यक्तिगत बिषय मात्र नभई यो पारिवारीक र सामाजिक बिषय पनि हो । यसको प्रभाव व्यक्ति, परिवारको सम्पुर्ण सामाजिक जीवनमा परेको हुन्छ । जिबनको मध्य भागमा आएर सम्बन्धबिच्छेद गरि एक्लै बस्नुपर्दा त्यसको प्रभाव सकारात्मक हुनै सक्दैन । सगै जिउने कसम सहित बिबाहको बन्धनमा बाधिएका दम्पत्तिहरुमा एक अर्का संग अलग बस्नु पर्दा त्यसको प्रभाव शारिरिक तथा मानशिक दुबै क्षेत्रमा परेको हुन्छ । त्यसका

साथै बाँकी जीवनको अन्योलता, समाजले हेर्ने र गर्ने असमान ब्यबहारले पनि उनिहरुलाई सताई रहेको पाईन्छ । यसमा पनि पुरुषको तुलनामा महिलाहरु अझै प्रभाबित रहेकाहुन्छन । सम्बन्धबिच्छेदबाट आफ्नो छोरा छोरी, ज्वाई बुहारी, बाबु आमा एक अर्का देखि अलग हुंदा त्यसको प्रतक्ष प्रभाब परिवारमा परेको हुन्छ । परिवारले एक सदस्य गुमाएको हुन्छ भने बालबच्चाले आफ्नो बाबु वा आमा गुमाउदा उनिहरुमा पर्ने प्रभाब व्यक्त गरेर सकिने हुदैन । बाबु आमाको माया ममता को साथै साथ, सहयोग र हौसला आबस्यक पर्ने समयमा बाबु आमानै छुट्टीदा बालबच्चाका भबिश्य नै अन्योलता छाएको हुन्छ र उनिहरुमा मानशिक प्रभाब बढि परेको हुन्छ । व्यक्ति तथा परिबारको समुह नै समाज हो । कुनै व्यक्ति, परिबारमा कुनै किसिमको प्रभाब पर्दा त्यसको प्रभाब समाजमा पनि परेको हुन्छ । समाजले सधै एकता लाई जोड दिने भएकाले बिभाजन वा बिच्छेद लाई समाजमा राम्रो संकेत मानिदैन । त्यसको प्रभाब सम्पुर्ण सामाजिक संस्थाहरु, सामाजिक मुल्यमान्यता, सम्पर्ण ब्यबस्थाको साथै सम्पुर्ण सामाजिक जीवनमा नै परेको हुन्छ । अध्ययनमा क्रममा सम्बन्धबिच्छेदले समाजमा नकारात्मक सस्कारको बिकास, सामाजिक रुपान्तरण र सन्तुलनमा पनि असर पऱ्याएको धारणा पाईयो ।

सम्बन्धबिच्छेदले समाजमा नकारात्मक सञ्चार बढि भएको पाईएता पनि अध्ययनका क्रममा उत्तरदाताहरुमा केहि सकारात्मक पक्षहरुको बिकास भएको पनि पाईयो । जसमा खुसि वा आत्मसम्मान को महसुस, सन्तानको भबिश्य उज्वल बनाउने चाहाना, आफुपनि सक्षम छु भन्ने अठोट, आदि पक्षहरुबाट महिलाहरुमा सकारात्मक उर्जाको सृजना भएको पाईयो । दुई दम्पत्तिबिचको अबिस्वास, असहयोग र असमझदारीका कारण दैनिक जसो झैझगडा गरेर, शोषण दमन सहेर नरकिय जिवन जीउनु भन्दा छुट्टिएर अलग बस्नु "मर्नु भन्दा बहुलाउनु निको" भने झै केहि हदसम्म सकारात्मक मानेको पाईन्छ ।

समय र समाजको परिबर्तन संगै सम्बन्धबिच्छेदका घटनाहरुको संख्या, त्यसको स्वरुप, कारण र प्रभाबहरुमा पनि परिबर्तन हुदै जाने निश्चितप्राय छ । त्यसकारण अब आउने समयमा यसको अध्ययन पनि नयाँ कोण र अझ बिस्तारीत एवम् गहन रुपमा गर्नुपर्ने देखिन्छ ।

## ५.४ सुझावहरु

परिवार, समाजलाइ नै गतिशील बनाउने र व्यक्तिमा व्यवहारिक परिपक्वता भई समाजका एकाइहरुलाई संगठित गर्ने विवाह पद्धतिमा दम्पती बिच छुट्टिने स्थिति आउनु आफैमा राम्रो लक्षण होइन । धर्म, संस्कृति, रीति मूल्य मान्यतामा आश्रित नेपाली समाज हो । विज्ञान सापेक्ष सामाजिक रीतिहरुले गतिलिदा र विश्वव्यापीकरण, आधुनिकीकरण, औद्योगिकीकरण, सूचना सञ्चार, शैक्षिक सचेतनामा बृद्धि, महिलामा नवजागरण, महिला स्वतन्त्रताको विश्व आह्वान महिला मैत्री कानुन जस्ता पक्षले सम्बन्ध विच्छेदलाई प्रश्रय दिएको पाइन्छ । यस शोध कार्यको कार्यगत अध्ययन क्षेत्रमा देखिएका कारणहरु र परिणामको आधार र समग्र अध्ययनको आधारमा सुझावहरु निम्नानुसार छन् ।

- मधेशी समुदायमा प्रचलित दाइजो र तिलक प्रथाको गलत क्रियाकलापलाई न्यूनिकरण गर्नु पर्दछ ।
- शैक्षिक, पारिवारिक पृष्ठभूमि अनुकुल विवाह पद्धति अगाडि बढाउने सचेतनामा बृद्धि गर्नुपर्छ ।
- महिला विभेदमा परेको यथार्थ हो तर महिलालाई सशक्तिकरण गर्ने आधारमा, महिला मैत्री कानून, विवाह विच्छेद र मानामूरीको हक दावी जस्ता कुरालाई परिस्कृत गर्नु पर्दछ ।
- विवाह नितान्त विपरित लिङ्गिको भावनात्मक मेल हो साथै यस्तो मेलबाट दम्पत्ती, परिवार समाज र सामाजिक प्रकार्यत्मक पक्षसँग जोडिने हुदाँ दम्पत्ती निर्माण र जीवन पद्धति चलाउदा हार्दिक सहमतिलाई खोज्ने सोचको विकास हुनुपर्दछ ।
- धर्म, संस्कृति र मूल्य मान्यतालाई टेकेर नारी पवित्रता, पुरुषको हेरालो क्षमता भएर पनि लिङ्गका आधारमा दोस्रो दर्जा दिने प्रवृत्ति न्यूनिकरण गर्नुपर्छ ।
- प्रवृधि, सामाजिक सञ्जालको प्रयोग, वैदेशिक रोजगारले दम्पत्ती विचको दुरी टाढा हुने अवस्थालाई सही मूल्याङ्कन गरी सम्बन्ध स्थापित गर्न लाग्नुपर्छ ।
- श्रमिकको रुपमा बुहारी, घरको आर्थिक स्थिति बलियो बनाउने स्रोत, यातायातका साधन लिन दाइजो र तिलकको संवाद जस्ता कार्य कानूनी, सामाजिक रुपमा अत्य गर्नु पर्छ ।

- नेपाली कानून, स्थानीय निकार्य, विभिन्न संघसंस्थाको सम्बन्ध विच्छेदको दर बढ्नुको कारण खोजी न्यूनीकरणका उपाय अबलम्बन गर्नु जरुरी देखिन्छ । किनकि यो दरले दम्पत्ती विच्छेदमात्र होइन सन्तान परिवार समाज र राज्यलाई समेत कठिन बनाउँछ ।
- मधेसी समुदायमा कम उमेरमा अभिभावकको छनोटमा विवाह गर्ने पद्धति बन्द गरी विवाह गर्ने उमेर पश्चात जोडी छनोटमा अधिकार दिनु पर्दछ । मागी विवाहमा पनि केटा केटीको परिपक्वता वार्तालाभ र भावी भविष्यको मार्ग बारे संवाद हुने अवसर जोडीलाई दिने अभिभावकले निर्णय गर्ने परिपाटीमा सुधार ल्याउनु पर्छ ।

# सन्दर्भसामाग्री

आचार्य, बलराम (२०६७)*मानबशास्त्र र समाजशास्त्रमा अनुशन्धान पद्धति,* काडमाण्डौः नेशनल बुक सेन्टर ।

गौतम, टिकाराम(२०६६)*सामाजिक सस्था र प्रक्रियाको बिश्लेषण,* काठमाण्डौः बिद्यार्थी पुस्तक भण्डार ।

गौतम, टिकाराम (२०७२), *मधेस, मधेसी र असमानता,* काठमाडौ : कान्तिपुर राष्ट्रिय दैनिक, चैत्र ११ ।

देबकोटा, डा. पदमलाल र ओभ्mा, नेत्रकुमार (२०६९)*समाजशास्त्रमा सैद्धनन्तिक दृष्टिकोणहरु* काठमाण्डौः दिब्य देउराली प्रकाशन प्रा. ली. (पृ.१४४-१४५) ।

ढकाल, मनहरी (२०६९) *सामाजिक परिबर्तन र बिकासको अध्ययन,* काठमाण्डौः दीक्षान्त प्रकाशन, । (पृ.६५-६६,७५)

*नेपालको मुलुकी ऐन*(२०२०) (संशोधित) पहिलो संशोधन, नेपाल कानून आयोग ।

नेपाली बृहत शब्दकोष (२०४०) कमलादी काठमाण्डौः नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, सृजना (२०७१) "ब्राम्हण क्षेत्री जातिमा प्रचलित अन्तरजातिय बिबाहका कारण र असर", (अप्रकाशित सोधपत्र), त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाडौं ।

बिष्ट, डोरबाहादुर (२०६४)*सबै जातको फलबारी,* लालितपुरः साभ्mा प्रकाशन, (२०३० आठौं संस्करण २०६४ बि.स.)

बराल, रामचन्द्र (२०५७)'पोखरा उपत्यकामा बिबाहबिच्छेद निम्त्याउने केहि कारकतत्वहरु'अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. कीर्तिपुर ।

मिश्र, चैतन्य, २०५७. "बिबाहको अर्थ—राजनिति." *मुल्यांकन मासिक, अन्तर्क्रिया प्रकाशन (प्रा).ली.* चैत्र २०५८ बि.स., पृ. २३:२५

थापा, सृजना २०७१. *सम्बन्धबिच्छेदका कारण र असर,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. पृथ्वीनारायण क्याम्पस, कास्की ।

*रुपन्देही जिल्ला अदालत अभिलेख शाखा,* २०७२/०७३ सालमा सम्बन्ध विच्छेद फछ्र्यौट भएका घटनाहरुको विवरण, सिद्धार्थनगर, रुपन्देही ।

क्षेत्री, डा. गणेश प्रसाद र खतिवडा, सोमप्रसाद (२०५४)*हिन्दु समाज र धर्म.* बिराटनगरः शिब प्रकाशन ।

शाक्य, धर्मरत्न 'त्रिशुली' (२०६६)*बौद्ध संस्कार पद्धति,* बुटवलः आईडिया प्रेस ।

http://www.cbs.gov.np

http://www.ddcrupandehi.gov.np

http://www.digitalhimalaya.com

http://www.nepjol.info

# अनुसूची-एक

# मधेसी समुदायमा वैवाहिक सम्बन्धबिच्छेदका कारणहरु

## अन्तरवार्ता अनुसूची

अन्तरवार्ता मिति ................

उत्तरदाताको नाम, थरः .................................. लिङ्ग ...........

हालको उमेरः ............. धर्मः ..........

ठेगानाः जिल्लाः गा.पा./न.पाः ................, वडा नं.: ..............

बिबाह गर्दाको परिवारको किसिम

(क) श्रीमानको घरमा

(अ) एकल परिवार ( ) (आ) संयुक्त परिवार ( )

(ख) श्रीमतिको घरमा

(अ) एकल परिवार, ( ) (आ) संयुक्त परिवार ( )

१. तपाईको बिबाह कुन किसिमको थियो ?

(क) मागी बिबाह ( ) (ख) प्रेम बिबाह ( )

(ग) अदालती बिबाह ( (घ) अन्य ( )

२ . तपाईको बिबाह कुन प्रकारको थियो ?

(क) जातिय ( ) (ख) अन्तरजातिय ( )

३. बिबाह गर्दाको उमेर ?

(क) श्रीमानको ( ) (ख) श्रीमतीको ( )

४. बिबाह गर्दाको शैक्षिक अवस्थाः

(क) श्रीमानको ........................... (ख) श्रीमतीको........... ..............

५. परिवारको आर्थिक अबस्थाः

(क) श्रीमानकोः

(अ) सम्पन्न ( ) (आ) मध्यम ( ) (इ) निम्न ( )

(ख) श्रीमतीकोः

(अ) सम्पन्न ( ) (आ) मध्यम ( ) (इ) निम्न ( )

६. बिबाह गर्दा तपाईको पुर्ण सहमति थियो ?

(क) थियो ( ) (ख) थिएन ( )

७. बिबाहका क्रममा तपाईहरुबिच खुल्ला छलफल गरि एकअर्का बिच राम्रोसगं पहिचान गर्नु भएको थियो ?

(क) थियो ( ) (ख) थिएन ( )

८. बिबाह पुर्ब सुनेको भन्दा बिबाह पश्चातमा तपाईको जीवनसाथीको बारेमा कस्तो पाउनु भयो ?

(क) राम्रो ( ) (ख) ठिकै ( ) (ग) नराम्रो ( )

९. बिबाह पश्चातका दिनहरुमा तपाईहरु बिच कतिको आपसी समझदारी रहन्थ्यो ?

(क) राम्रो ( ) (ख) ठिकै ( ) (ग) राम्रो थिएन ( )

१०. तपाईको श्रीमान/श्रीमतीले तपाईमाथी कुनै किसीमको दमनकारी ब्यबहार गर्नुहुन्थ्यो ?

(क) गर्नुहुन्थ्यो ( ) (ख) गर्नुहुदैनथ्यो ( )

११. श्रीमान श्रीमतीसगैं वा घरपरिवार सगं दाईजो वा गरगहनाको बिषयलाई लिएर असन्तुष्टि रहेको थियो ?

(क) थियो ( ) (ख) थिएन ( )

१२ विवाह पूर्व श्रीमान श्रीमतीका साथी भाइसँगको मित्रताको विषय लिएर दम्पती विच विवाद भएको थियो ?

क) भएको थियो ख) भएको थिएन

१३. रोजगारीको अबस्था

(क) श्रीमानको:

(अ) बिबाह पूर्ब ................................ .. (आ) सम्बन्धबिच्छेद हुनु पूर्व...............

(ख) श्रीमतीको:

(अ) बिबाह पूर्ब ......................... (आ) सम्बन्धबिच्छेद हुनु पूर्ब....................

१४. बिबाह पश्चात कामको सिलशिलामा श्रीमान श्रीमती एक अर्काबिच अलग बस्नुभएको छ ? छ भने कति समय ?

.............................................................................................................

१५. श्रीमान श्रीमतीबिच कुनै दिन यौनिक विषयलाई लिएर असहमति भएको थियो ?

क) थियो ख) थिएन

१६. तपाईहरु बिच सञ्चारका मध्यमहरुको प्रयोगको बिषयलाई लिएर कुनै किसिमको बिबाद रहन्थ्यो ?

(क) रहन्थ्यो ( ) (ख) रहदैनथ्यो ( )

१७.तपाईहरु बिच एक अर्काको चरित्र सम्बन्धी बिषयलाई लिएर बिबाद भएको थियो ?

(क) थियो ( ) (ख) थिएन ( )

१८. तपाईहरु बिच खटपट कहिलेबाट सुरु भयो ?

..........................................................................................................

१९. तपाईहरु बिच खटपट हुने मुख्य कारणहरु के के थिए ?

..........................................................................................................

२०. सम्बन्धबिच्छेद गर्ने कुरा पहिला कसले उठायो ?

(क) श्रीमानले ( ) (ख) श्रीमतिले ( )

(ग) परिवारले ( ) (घ) माईतीपक्षले ( )

२१. बिबाह भएको कति समय पछि सम्बन्धबिच्छेद गर्नु भयो ?

..........................................................................................................

२२. तपाईहरुका कति सन्तान छन ? छन भने हाल कोसंग छन् ?

..........................................................................................................

२३. सन्तानको लालन पालनको खर्च कसरी जुटाउनु भएको छ ?

..........................................................................................................

२४. हाल तपाईको आन्दानीको स्रोत के छ ?

..........................................................................................................

२५. सम्बन्धबिच्छेद पश्चात कहा बस्दै आउनु भएको छ ?

(क) घरमा ( ) (ख) माईती घर ( ) (ग) बाहिर डेरामा ( )

२६. पुनर्बिबाह गर्नु भएको छ ? छैन भने गर्ने सोच राख्नु भएको छ कि छैन ?

..........................................................................................................

२७. सम्बन्ध बिच्छेद पश्चात समाजले गर्ने व्यावहार कस्तो पाउनु भएको छ ?

(क) राम्रो ( ) (ख) नराम्रो ( ) (ग) पहिले जस्तै सामान्य ( )

२८. सम्बन्धबिच्छेद पश्चात समाजमा समायोजन हुन कुनै किसिमको असजिलो महशुस गर्नुभएको छ ?

(क) असजिलो महशुस भएको छ ( ) (ख) छैन ( )

२९. सम्बन्धबिच्छेद गर्दा कुनै किसिमको सम्पत्ति वा खर्च लिएर/दिएर गर्नु भएको थियो ?

(क) लिएर/दिएर ( ) (ख) नलिकन/नदिईकन ( )

३०. हाल कस्तो महशुस गर्नुभएको छ ?

(क) खुसि ( ) (ख) दुख ( )

(ग) स्वतन्त्र ( ) (घ) एक्लो ( )

३१. सम्बन्धबिच्छेदले तपाईको जीवनमा कस्तो प्रभाब पारेको छ ?

(क) सकारात्मक ( ) (ख) नकारात्मक ( )

३२. सम्बन्धबिच्छेद गर्नु आफैमा राम्रो नराम्रो कस्तो लाग्छ ?

(क) राम्रो ( ) (ख) नराम्रो ( )

३३. नव बिबाहित दम्पत्तिहरु र बिबाह गर्न लागेकाहरुका लागि तपाईको भोगाईबाट केहि भन्न चाहानु हुन्छ ?

३४. सम्बन्धबिच्छेद पश्चात एक्लीएरका महिला, पुरुष तथा बालबालिकाहरु प्रति राज्य तथा संघ सस्थाहरुले के गरिदिए हुन्थ्यो जस्तो लागेको छ ?

..........................................................................................................

३५. अन्त्यमा केहि भन्न मन लागेको छ ?

..........................................................................................................

***धन्यबाद !!!***